# आधारभूत सिद्धान्त

Ministerios Ebenezer

REMI BIBLE SCHOOL

RESTORATION EBENEZER MINISTRIES INTERNATIONAL

# विषयसूची


मुक्ति ..... 2

पानीको बप्तिष्मा ..... 5

प्रभु भोज ..... 7

पवित्र आत्माको बप्तिष्मा ..... 10

बप्तिष्माको पक्षहरु ..... 13

बप्तिष्माको पक्षहरु #२ ..... 16

ख्रीष्टको रगतबाट हुने लाभ ..... 19

क्षेत्र ..... 22

आत्माको फल ..... 25

आत्माको फल #२ ..... 28

पवित्र आत्माको वरदान ..... 32

पवित्र आत्माको वरदान #२ ..... 36



Ministerios Ebenezer
REMI BIBLE SCHOOL
RESTORATION EBENEZER MINISTRIES INTERNATIONAL

# मुक्ति (SALVATION)

*रोमी १०:१०*

*किनकी मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।*

परमेश्वर हामीप्रति असल हुनुहुन्थ्यो, हामी योग्य ठहरिएको थियौं, र हाम्रो जीवनको लागि मुक्तिको योजना प्रस्तुत गरिएको थियो । यही मुक्तिमा हामी आइपुगेका छौं, परमेश्वरको कृपालाई धेरै धन्यवाद र हाम्रो विश्वासको प्रायश्चितद्वारा यसमा हामी हुनेछौं (रोमी १०:१०) ।

येशू खीष्टलाई प्रभु र मुक्तिदाताको रुपमा स्वीकार गर्दा प्रत्येक व्यक्तिको अनुभव फरक हुन्छ । कसैले भावुकतामा अनुभव गर्छन्, कसैले गहिरो शान्तिमा, अकल्पनिय आनन्दमा र अन्य प्रकटीकरणमा अनुभव गर्छन्; तर यस्ता मानिसहरु पनि छन् जसले केहि महसुस गर्दैनन्, यसको मतलब, के सो व्यक्ति बचाइएको छैन र ? अथवा खीष्टलाई पाएकोमा के कुनै लाभ भएन र ? खीष्टको छुटकाराको काम कुनै पनि हालतमा (प्राणमा) निर्भर गर्दैन, न शारीरिक अभिव्यक्तिहरुमा नै निर्भर गर्छ, तर स्वयम् येशू खीष्टको विश्वासयोग्य प्रतिक्षामा निर्भर गर्दछ ।

नयाँ विश्वासी जसले येशू खीष्टलाई आफ्नो हृदयमा प्रवेश गर्न दिन्छ र उहाँलाई व्यक्तिगत प्रभु र मुक्तिदाताको रुपमा स्वीकार गर्छ भने सो व्यक्ति खीष्ट त्यस व्यक्तिको हृदयमा हुनुहुन्छ भनी निश्चित हुनुपर्दछ । यो सुरक्षा के मा आधारित छ त ? यसमा दुई पक्षिय कुराहरु स्थापित गर्न सकिन्छ :

### १) मुक्ति विश्वासीमा भर पर्दैन भनी किन भनिएको छ त ?

क.) हामी को हौं, के हौं भनिने आधारमा मुक्ति भर पर्दैन । बाईवलमा यसरी भनिएको छ, राष्ट्रहरु (मानिसहरु) प्रभुको सामु घाँस जस्तै छन् (यशैया ४०:७), र मानिस धूलो जस्तै छ (भजनसंग्रह १०३:१४), नयाँ करारमा भने मानिसलाई पापी भनिएको छ (रोमी ३:२३), यदि मुक्तिले हामीमा भर पर्ने हो भने, कोहि पनि बचाइने छैन, किनकी हामी सबै पापी छौं र अनन्त दण्डको योग्यका छौं ।

ख.) हामीसँग भएको कुराहरुमा मुक्तिले भर पर्दैन । परमेश्वर सबैथोकहरुको मालिक हुनुहुन्छ । पृथ्वी र त्यसमा भएका जे जति सबै उहाँ कै हुन् (भजनसंग्रह २४:१), त्यसैले मानिससँग मुक्ति किन्न केहि पनि छैन, त्यसैकारण येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, यदि कुनै मानिसले सारा जगत् प्राप्त गरेर आफ्नो प्राण गुमायो भने, त्यसलाई के लाभ हुन्छ ? अथवा मानिसले आफ्नो उद्धारको सट्टा के दिन सक्छ ?केहि पनि दिन सक्दैन (मत्ति १६:२६) ।

ग.) हाम्रो भावनामा/अनुभवमा मुक्तिले कहिल्यै भर पर्दैन । मानिसको भावना धेरै परिवर्तनशिल छ, स्वभावले परिस्थितीको सामना गर्दा उ अस्थिर हुन्छ, त्यसैले उ छली स्वभावको हुन्छ (यर्मिया १७:९) मा यसरी लेखिएको छ "मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ" (भावनाहरु) र जसको उपायबिना कसले बुझ्न सक्छ र ? मानिसले आफैले आफैलाई धेरैजसो बुझ्न सक्दैन, त्यसैकारण यस्तो महान् मुक्तिले कुनै भावनामा भर पर्दैन ।

### २) मुक्ति परमेश्वरको उपहार हो । किन ?

क.)उहाँको पुत्र येशू खीष्टले छुटकाराको सिद्ध काम पूरा गर्नुभयो । येशूको सिद्ध काम भन्नु नै मानिसको स्थानमा आफूलाई पापको लागि बलिदानको रुपमा मानवताको निमित्त अर्पण गर्नु थियो । त्यसैले बप्तिष्मा दिने यूहन्नाले घोषणा गरे "हेर, संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा (यूहन्ना १:२९) । यसरी भने कि, यो बलिदान भिन्न र सदाको लागि रहेको थियो, ताकि मुक्तिको लागि कुनै पनि बलिदान गर्न आवश्यक छैन । अब पाप हामीमा हुँदा हामीले येशू

खीष्टको रगतमा ताजा भई परमेश्वरको सामु आउँदा र उहाँको पुत्रको आशिषित रगतबाट चोखिन पाउँदाको कुराहरु अति नै अद्‌भूत छन्‌ (१ यूहन्ना २:१–२)

ख.) परमेश्वर स्वभावैले इमान्दारी हुनुहुन्छ । तर मानिस भने विश्वासयोग्य छैन, परमेश्वर सधैँ विश्वासयोग्य हुनुहुन्छ ( २ तिमोथी २:१३) । परमेश्वर कहिल्यै पनि परिवर्तनशिल हुनुहुन्न भन्ने कुरा जान्न पाउँदा यसले केहि राहत दिन्छ र यदि कसैले उहाँमा विश्वास गर्छ भने उसलाई अनन्त जीवनको प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना ३:३६) प्रभुले सपथ लिनुभएको छ (हिब्रु ७:२१), ताकि यो करार पूरा भएको होस्‌ र यो एक असल करार, उहाँको पुत्रको रगतको करार यसले सदाको लागि बचाउन सक्षम छ भनी छाप लगाएको छ जो उहाँद्धारा परमेश्वरकहाँ आउँछन (हिब्रु ७:२५) । साथै, उहाँले आश्वस्त पार्नुभयो कि उहाँमा विश्वास गर्नेलाई उहाँको हातबाट कसैले खोस्न सक्दैन (यूहन्ना १०:२९) ।

ग.) पवित्र आत्माको छाप । परमेश्वरले विश्वासीलाई अनन्त मुक्तिको अग्रिम ग्यारेन्टि दिनुभएको छ, यस प्रतिज्ञालाई सुरक्षा प्रदान गर्ने व्यक्तित्व पवित्र आत्मा हुनुहुन्छ (एफिसी १:१३–१४)। पवित्र आत्माले पनि विश्वासीलाई येशू खीष्टको दिनसम्म सिद्ध पार्नुहुनेछ र उहाँलाई निर्दोष ठहराउनुहुनेछ (यहूदा २४)।

**३. मुक्तिबाट हुने लाभ/फाइदाहरु :**

जब हामीले मुक्तिको फाइदाहरुको बारेमा कुरा गर्छौं, परमेश्वरले नयाँ विश्वासीको अघि के राख्नुहुन्छ भनी हामी कुरा गर्छौं ताकि सो को विश्वासद्धारा यसलाई लिन सकून्‌ । यी मध्ये केहि फाइदाहरु तल सूचिबद्ध गरि राखिएका छन्‌ : ( एफिसी ३:११–१२) यो चाहिँ खीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो । उहाँमाथि राखिएको हाम्रो विश्वासद्धारा साहस र दृढ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं ।

क.) पितात्व (यूहन्ना १:११–१२): बाइवल स्पष्ट छ कि यसले एकजना व्यक्तित्व मात्रै पिताको पुत्र हुनसक्छ भन्ने संकेत गर्छ जसले उहाँको पुत्र येशू खीष्टलाई ग्रहण र विश्वास गर्छ । परमेश्वरले विश्वासीलाई पवित्र आत्माद्धारा ग्रहण गर्नुहुन्छ र उहाँलाई कहिल्यै बिर्सनुहुन्न (यशैया ४९:१५) । जसरी एउटा छोराले आफ्नो बुवाको अनाज्ञा गर्न सक्छ, परमेश्वरको छोरा भइकन त्यस्तै अनाज्ञाकारी पनि हुन सक्छ, अर्थात्‌ पाप गर्न सक्छ, त्यसैले परमेश्वरले अनुशासनमा प्रेमका साथ उहाँलाई सिद्ध तुल्याउनलाई राख्नुहुनेछ ।

ख.) अनन्त जिवन (यूहन्ना ३:१६): परमेश्वरको उद्देश्य यो हो कि सबैले उहाँले दिनुभएको अनन्त जीवनको अनुभव गरुन्‌, तर पापको कारणले गर्दा यो अवरुद्ध भएको छ, त्यसैले अब येशू खीष्टमा विश्वास गर्ने सबैले खीष्टले दिनुहुने अनन्त र प्रशस्त जीवनको अनुभव गर्न सक्छन्‌ (यूहन्ना १०:१०) ।

ग.) पापको क्षमा (कलस्सी २:१३): बाइवलले यसरी सिकाउँदछ कि, पापको मृत्यु मानिसमा प्रवेश गर्‍यो, त्यहि मानिसमा क्षमाले पनि प्रवेश गर्‍यो, जो येशू खीष्ट हुनुहुन्छ : त्यसैकारण उहाको बलिदानलाई स्वीकार गर्दा, उहाँको रगतले सबै पापहरुलाई कुनै कुराको पर्वाह नगरी मेटाइदिँदछ ।

घ.) नयाँ सृष्टि (२ कोरिन्थी ५:१७) : परमेश्वरको पुत्रलाई चिन्ने क्षणमा, नयाँ जन्मको प्रकिया सुरु हुन्छ, जसले नयाँ सुरुवातको कुराहरुलाई देखाउँछ जुन पूरानो जीवनको विपरीत छ (भाइन्‌ डिक्सनरी) । यो बढ्‌दै जाने प्रक्रिया हो जसमा “पूरानो बितिगएको छ र नयाँ आएको छ ।” यस प्रकियामा, नयाँ विश्वासीले आफ्नो जीवनको सम्पूर्ण क्षेत्रहरुलाई समर्पित गरी प्रगतिमा बढेको हुन्छ ।

ङ.) स्वर्गको राज्यको नागरिक (फिलिप्पी ३:२०; १ पत्रुस २:९) : येशू खीष्टलाई चिनेपछि कुनै पनि मानिसले पापको सहर (मिश्रको चित्रण देखाए जस्तै) छोड्‌छ र नयाँ नागरिकता प्राप्त गर्दछ, खीष्टले निश्चितका साथ ठाउँ तयार गर्न जानुभएको छ, “र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ” (यूहन्ना १४:३), केवल एकदिन मात्रै नभइ, सदासर्वदासम्म ।

च.) ख्रीष्टको शरिरमा एकिकृत । नयाँ विश्वासीलाई ख्रीष्टको शरिरको सदस्य बनाइदछ (१ कोरिन्थी १२:१२), जुन मण्डली हो, ऊ अब एक्लो छैन, उनको आफ्नो पहिचान छ अब मण्डलीको सदस्यहरु उनका नयाँ भाइहरु र परिवारहरु हुन्, तर उनले आफूलाई आफ्नो निर्देशनमा नराखी मण्डलीको शरिरमा हुन जरुरी हुन्छ (१ कोरिन्थी १२:१४–२०) ।

छ.) वरदानहरु नयाँ विश्वासीलाई उपहार स्वरुप दिइन्छ । पवित्र आत्माले विश्वासीहरुलाई परमेश्वरको मण्डलीको सुधारको लागि दिनुहुन्छ (१ कोरिन्थी १४:१२) । यी वरदानहरुले नयाँ विश्वासीलाई बढ्न, विकास गर्न र मण्डलीमा सेवा गर्न मौका दिँदछ ।

प्रभुको वचन : हिब्रु २:३ मा भनिएको छ: यदि हामीले यति ठूलो मुक्तिलाई बेवास्ता गऱ्यौं भने हामी कसरी उम्कौंला ? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो र उहाँको वचन सुन्नेहरुद्वारा हाम्रा निम्ति पक्का साबित गरियो । अघिल्लो पदको आधारमा परमेश्वरका सन्तानहरुको रुपमा हामीसँग पनि जिम्मेवारीहरु छन् र ती मध्ये एक चाहिँ मुक्तिको ख्याल राख्नु हो, हामीले यो कुरा दिमागमा राख्नुपऱ्यो कि, यदि यो उहाँका प्रतिज्ञाहरुप्रति परमेश्वरको निष्ठाबाट नआएको भए हाम्रो कार्यद्वारा यसलाई कमाउन सक्ने थिएनौं तर यो कार्य येशू ख्रीष्टको क्रूसको बलिदानद्वारा मात्रै हुन सक्छ ।

# पानीको बप्तिष्मा (WATER BAPTISM)

*मर्कूस १:९–१०*

*अब ती दिनमा येशू गालीलको नासरतबाट आउनुभयो, र यूहन्नाबाट यर्दन नदीमा बप्तिष्मा लिनुभयो ।पानीबाट उक्लि आउने बित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रुपमा आफूमाथि ओर्लदै गर्नुभएको देख्नुभयो ।*

परिचय : नयाँ करारमा प्रभुले दुई वटा आज्ञाहरु दिनुभएको छ :

पानीको बप्तिष्मा र पवित्र प्रभुभोज; ख्रीष्टलाई स्वीकार गरे लगतै पानीको बप्तिष्मा हामीले पूरा गर्न जरुरी छ, ताकि शत्रुको हामीमाथि भएको अधिकारलाई हटाउन सकियोस् र बप्तिष्माको फाइदा भनेको प्रभुले हाम्रा अन्धकारका शत्रुहरुलाई नष्ट गर्नु हो; जसरी फारोको सैनिक इस्राएलीहरुलाई खोज्न र सतावट दिन लाल समुद्रमा गएका थिए, त्यहाँ उहाँले तिनीहरुलाई नष्ट पार्नुभयो (प्रस्थान १४:२३-३१); जसले बप्तिष्माको चित्र दिँदछ (१ कोरिन्थी १०:१-२) ।

बाइवलले यरुशलेमबाट फर्केर आएका इनोक (नपुंसक) को घटनालाई वर्णन गर्दछ, यसलाई पढ्दै जाँदा प्रभुका दूतले फिलिपसँग बोल्नुभयो ताकि उनीहरु दक्षिणतिर लागून् र इथियोपियाली मानिस स्वयम्ले धर्मशास्त्र पढेको कुरा बुझेका थिएनन्; सोहि व्यक्तिलाई फिलिपले सुसमाचार घोषणा गरे र बप्तिष्मा दिए (प्रेरित ८:२७-३९), यसको अर्थ यहि हो कि बाईवलिय शास्त्रले हामीलाई हाम्रो अवस्था बुझ्नलाई सहयोग गर्दछ र यहि सन्दर्भमा पानीको बप्तिष्मा लिन सकिन्छ ।

बप्तिष्मा लिने सहि तरिका भनेको व्यक्तिलाई डुबाएर हो किनकी बप्तिष्मालाई ग्रिक शब्दमा व्याप्टिजो; (स्ट्रोङ्ग जि९०७) भनिन्छ जसको अर्थ हो, बप्तिष्मा, धुनु, र पूर्ण रुपमा भिजाउनु हो । यो व्याप्टिस्ट भनिने शब्दबाट आएको हो र यो डुब्ने प्रक्रिया हो (स्ट्रोङ्ग जि९१०), व्याप्टिजोको शाब्दिक यथार्थ यहि थियो कि, जसरी मानिसहरुले कपडालाई रगंयाउथे, यसरी नै जो मानिसलाई बप्तिष्मा दिइन्छ, सो व्यक्ति पनि रगिंन्छ, अर्थात् उनीहरु नरगिउंजेलसम्म डुबाइन्छः तसर्थ शरीरको एक भाग मात्र होइन, पूर्ण शरिर डुब्नु जरुरी छ; त्यसैले बप्तिष्मा टाउको र शरीरमा पानी छम्किएर मात्रै हुने भन्ने दृष्टिकोणलाई बप्तिष्मालाई हामीले बुझ्दैनौं ।

अर्को महत्वपूर्ण कुरा भनेको पानीमा बप्तिष्मा लिने उमेरको कुरा रहेको छ । बाइवलले यसरी देखाउँछ कि प्रभु येशूले लगभग ३० वर्षको उमेरमा आफ्नो सेवकाई सुरु गर्नुभयो । त्यसपछि (लूका ३:२३, मर्कूस १:८-११), बप्तिष्मा दिने यूहन्नाले नदिमा बप्तिष्मा दिइरहेको बेला येशूले बप्तिष्मा लिनुभयो । मानिसहरुले आफ्नो पापको पश्चाताप गरी बप्तिष्मा लिएका थिए भनी बाइवलले बताउँछ, यसको मतलब कुनै पनि विश्वासीले बप्तिष्मा लिन्छ भने उनीहरुले आफू पापी भनी स्वीकार गरी घोषणा गर्नुपर्दछ, तसर्थ कुनै पनि बालक छन् भने, सेवकाइकर्ता (पाष्टर वा एल्डर अन्तर्गत) उसको आत्मिकी परिपक्वताको मूल्याङ्कन गर्नुपर्दछ । पानीमा बप्तिष्मा लिनुका धेरै फाइदाहरु छन्, जुन निम्नानुसार छन् :

**१.) पापको क्षमा (प्रेरित २:३८)** अनि पत्रुसले तिनीहरुलाई भनेः पश्चाताप गर र तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ । पश्चाताप र बप्तिष्माद्धारा परमेश्वरले हाम्रो पाप क्षमा गर्नुहुन्छ त्यसकारण हामी सफा र शुद्ध पारिएका छौं । क्षमा शाब्दिक तथ्य ग्रिकको अफिसिस (APHESIS) बाट अनुवाद गरिएको हो जसको अर्थ मुक्त गर्नु, स्वतन्त्र पार्नु र पापको बन्धनबाट फुकाउनु हो (स्ट्रोङ्ग जि ८५९), यसले पापसँग सम्बन्ध तोड्छ र मुक्त पार्छ भनी संकेत गराउदछ ।

**२.) दासत्वबाट स्वतन्त्रता (१ कोरिन्थी १०:२)** अनि मोशामा तिनीहरु सबैले बादल र समुद्रमा बप्तिष्मा पाएका थिए । जब इस्रायलका मानिसहरुले लाल समुद्र पार गरे, तिनीहरुले बादल र समुद्रमा बप्तिष्मा लिए, दासत्वबाट स्वतन्त्रतामा जाँदै थिए । स्वतन्त्र भनिने शब्द ग्रिक भाषाको एलुथारिया (ELUTHERIA) भनिने शब्दबाट अनुवाद थरिएको थियो,

जसको अर्थः सुखमा भइकन स्वतन्त्रसाथ जिउनु हो (स्ट्रोङ्ग जि १६५७), त्यसैले बप्तिष्माले हामीलाई पाप, मूर्तिपूजा, जादुटोना, हाम्रा आमाबुवाका वंशानुगत व्यर्थ जिवनबाट ख्रीष्टको पालना गर्न हामीलाई स्वतन्त्र गराउँदछ ।

**३.) वृद्ध मानिसको कमजोरी (रोमी ६:१-३)** अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त ? त्यसो नहोस् ! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु ? के तिमीहरु जान्दैनौ हामी सबै, पतिले ख्रीष्ट येशूमा बप्तिष्मा लियौं, यहाँकै मृत्युमा बप्तिष्मा लिएका थियौं ? हामीले येशू ख्रीष्टको मृत्युमा बप्तिष्मा लिएका छौं । यस खण्डमा "मृत्यु" शब्दलाई ग्रिक थानाटोस (THANATOS) बाट अनुवाद गरिएको हो जसको अर्थ : शरिरबाट आत्माको अलग गरिनु, शरिरलाई छोड्नु र धुलोमा फर्कनु (स्ट्रोङ्ग जि २२८८) । बप्तिष्माले पुरानो स्वभावको मानिसलाई दुर्बल गराउँदछ (मत्ति १२:२९), ताकि नयाँ स्वभावको मानिस बढ्न र बलियो बन्न सकून । जब ईसाइको बप्तिष्मा हुँदैन, पूरानो स्वभावले भरिएको मानिस पापमा बलियो हुन्छ र उसलाई पाप गर्न लगाउँछ ।

**४.) गाडिएको/गाडिनु (रोमी ६:४)** यसकारण बप्तिष्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं, तकि जसरी पिताको महिमाद्धारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं । यस पाठले सबैजना प्रभुमा फर्कन मर्नुपर्छ जुन भूमिबाट तिनीहरु लिइएका थिए, तर प्रभुले ख्रीष्टसँगको मृत्यु र पुनरुत्थानमा एक हुन बप्तिष्मालाई यहिँ छोड्नुभयो । दफन ग्रिक शब्द सुनथाप्टो (SUNTHAPTO) बाट अनुवाद गरिएको हो, जसको अर्थ : सँगसँगै गाडिनु हो (स्ट्रोङ्ग जि ४९१६) । जब हामी पानीमा डुबाइन्छौं हामी र हाम्रो पाप ख्रीष्टसँगै गाडिएका हुन्छन् ताकि हामीले उप्रान्त कुनै पापको अभ्यास नगर्ने र हामी ख्रीष्ट सँगै उठ्ने हुनुपर्दछ ।

**५.) जिवनको नयाँपनमा हिँड्न हामी बौरीएका छौं (रोमी ६:४)** बौरिनु/जिवित पारिनु भनिने शब्द ग्रिक शब्द सुनेगेरो (SUNEGEIRO) बाट अनुवाद गरिएको हो, जसको अर्थ सँगै उठाइनु हो (स्ट्रोङ्ग जि ४८९१) र ख्रीष्टसँग विश्वासीको आत्मिक पुनरुत्थानको लागि प्रयोग गरिएको छ (रोमी ६:४) जसरी प्रभु ख्रीष्ट पुनरुत्थान हुनुभयो, उहाँको आध्यात्मिक शरिरको रुपमा थियो, जब बप्तिष्माको बेला हामी उठ्छौं, हामी उहाँसँगै उठाइन्छौं र जिवनको नयाँपनमा हिँड्न परिवर्तन भएका हुन्छौं ।

**६.) असल विवेक (१ पत्रुस ३:२१)** यससँग मिल्नलाई बप्तिष्माले हामीलाई (शरिरको फोहोर हटाउन होइन, तर परमेश्वरप्रति असल विवेकको आकांक्षाको रुपमा), येशू ख्रीष्टको पुनरुत्थानद्धारा बचाएको छ । भाइन शब्दकोषले यसो भन्छ, पुनजन्मिनु भनेको नयाँ अवस्थाको सुरुवात हो जुन पुरानो जीवनको विपरित छ र विवेक भनिने शब्द "सुन्नेइदेसिस" (SUNEIDESIS) शब्दबाट अनुवाद गरिएको हो, जसको अर्थ थाहा पाउनु/गर्नु हो, अर्थात विवेक भनेको नैतिक रुपमा राम्रो वा नराम्रो छुट्याउने, राम्रोलाई प्रशंसा गर्ने र नराम्रोलाई मन नपराउने/निन्दा गर्ने र पहिलेको जिवनलाई उत्साह गर्न र पछिल्लो जिवनलाई बेवास्ता गर्न लगाउछ (भाइन शब्दकोश) । प्रभुमा आउनुअघि, हाम्रो विवेकी अन्तस्करण पापले भरिएको थियो ।

**७.) चेला बन्नुहोस् (मत्ति २८:१९)** यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिष्मा देओ । प्रभु येशू ख्रीष्टले भन्नुभयो, जसले उहाँमा विश्वास गर्छ र बप्तिष्मा लिन्छ, सो व्यक्ति उहाँको चेलामा गठन हुनेछ, त्यसकारण बप्तिष्मा लिँदा हामीलाई चेला बन्न सक्षम बनाउँदछ, र यो कुरा श्रोतामा स्थानन्तरण भई, त्यसपछि विश्वासी र चेलाको श्रेणीमा हुँदछ ।

**८.) पुनरुत्थानमा भाग लिनुहोस् (रोमी ६:३)** के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिष्मा लियौं, उहाँकै मृत्युमा बप्तिष्मा लिएका थियौं ? यो खण्डमा जिवित पारिनु/पुनस्त्थान शब्द ग्रिक शब्द आनस्टासिस (ANASTASIS) भनिने शब्दबाट अनुवादित गरिएको हो, जसको अर्थ : एक उचाइ (स्ट्रोङ्ग जि ३८६) अना : माथि र जिस्टेमी : खडा हुनु हो ; (स्ट्रोङ्ग ४५० र २४७६), त्यसैकारण पानीको बप्तिष्माद्धारा पुनरुत्थानमा भाग लिने अधिकार हामीसँग छ ।

जब हामी बप्तिष्मा लिन्छौं, हामी प्रभुलाई आज्ञाकारिता र प्रेम देखाएका हुन्छौं, किनकी उहाँले दिनुभएको विधि पूरा गर्दैछौं, त्यसैले प्रत्येक विश्वासीले यसो गर्न आवश्यक छ, ताकि यसको पालना गरी प्रत्येक लाभ उनीहरुले प्राप्त गरुन् ।

# प्रभु भोज (THE LORD'S SUPPER)

*लूका २२:१९-२०*

*अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरुलाई यसो भन्दै दिनुभयो, "तिमीहरुका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा या् गर्ने गर ।" यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरुका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो ।*

**परिचय** : बाइवलले हामीलाई दुईवटा विधि देखाउँछ : पानीको बप्तिष्मा र प्रभु भोज (लूका २२:१९) । प्रभु भोजको विथिलाई पवित्र प्रभु भोज पनि भनिन्छ जुन करार प्रभु येशू आफैले सुरु गर्नुभयो । यद्दपि पूरानो करारमा यसको चित्र उत्पत्ति १४:१८ मा भेटाउन सकिन्छ, त्यो समय राजा मलकीसेदेकले रोटी र दाखरस लिएर अब्राहमकहाँ आएका थिए, यसरी पवित्र भोजको सेवा गर्न आएका थिए ।

**१.) येशू ख्रीष्ट परमेश्वरको थुमा :** परमेश्वरले अब्राहामलाई भेडाको पाठो दिन प्रतिज्ञा गर्नुभयो (उत्पत्ति २२:८) । जब येशू बप्तिष्मा दिने यूहन्नाकहाँ उहाँ आउनुभयो, उहाँलाई "संसारको पाप लैजानुहुने परमेश्वरको थुमा" भनी चिनाए ( यूहन्ना १:२९) । क्रुसमा जानुअघि प्रभु येशू आफ्ना चेलाहरुसँग निस्तार चाड मनाउन भेट्नुभयो (मत्ति २६:२०), उहाँले रोटी र दाखरस समावेश गर्नुभयो, यसरी उहाँको शरीर र उहाँको रगतमा आधारित नयाँ करारको स्थापना गर्नुभयो ( मत्ति २६:२६-२७), उहाँले परमेश्वरको आशिषमय योजनाहरु देखाउनुभयो ; यो चाहिँ पापको दासत्वबाट येशू ख्रीष्टको बलिदानद्धारा गरिएको छुटकारा हो (१ कोरिन्थी १५:५७) ।

**२.) प्रभु भोज :**

क.) यो विधि येशूले स्थापित गर्नुभएको विधि थियो : येशूलाई धोका दिइने रातमा उहाँले यो विधि "उहाँको सम्झनामा गर्ने गर" भनी संकेत गर्नुभयो । जुन कुरा प्रेरित पावललाई प्रकाश पारिएको थियो (१ कोरिन्थी ११:२३-२५) । यो एक करार भएको कारणले यो विधिलाई मान्नुपर्ने जरुरी छ (मत्ति २८:२०; यूहन्ना ८:३१; १ यूहन्ना ३:२२) ।

ख.) सामग्रीहरु/तत्वहरु : रोटी र दाखरस । जब चेलाहरुले स्वर्गबाट ओर्लि आएको रोटीको शिक्षालाई बुझेनन्, त्यतिबेला उनीहरु तर्केका थिए (यूहन्ना ६:६०-६६), पछि प्रेरित पावलले उनीहरुलाई रोटी र दाखरसद्धारा प्रभुको शरीरलाई चिन्न आमन्त्रित गरेका थिए (१ कोरिन्थी ११:२९) । यस विधिमा हामी प्रतिक/चिन्हका आधारमा प्रभुको शरीर र बगाउनुभएको रगतमा हामी भाग लिन्छौँ तर शाब्दिक अर्थमा भने होइन (यूहन्ना ६:५२-५६) ।

- रोटी (लूका २२:१९) : प्रभुले भन्नुभयो कि उहाँ जिवनको रोटी हुनुहुन्छ जो स्वर्गबाट ओर्लि आउनुभयो (यूहन्ना ६:५१) । यूहन्ना ६ मा उहाँले उहाँको शरीरको बारे बोल्नुभयो, उहाँको शरीरः जो साँचो भोजन हो (ग्रिकमा ब्रोसिस भनिन्छ जसको अर्थ : खाना हो । स्ट्रोङ्ग जि १०३५) । जब प्रभुले भन्नुभयो, " यो मेरो शरीर जुन तिमीहरुको निम्ति भाँचिएको छ", यो उहाँले गर्नुभएको कामको चिन्ह/प्रतिकको रुपमा सिकाउनुभएको थियो, जसलाई कन्सब्स्ट्यान्सिएसन भनिन्छ (ख्रीष्टको कामको वास्तविकतामा, कुनै सामग्रीहरुमा होइन)। यसले भाईहरुसँग हुने मेलमिलापको प्रतिक दिन्छ, हामी ख्रीष्टका रहस्यमय शरीरको भागहरु हौँ, जुन भाँचिएकृ थियो (१ कोरिन्थी १२:१२), र उहाँमा रहन हामीले एक अर्कालाई प्रेम गर्नुपर्दछ (१ पत्रुस १:२२); उहाँले हामीलाई अनाथ होइन तर उहाँको सन्तान बनाउनुभएको छ भनी सम्झाउनुभएको छ (यूहन्ना १४:१८; १ यूहन्ना ३:१; हिब्रू १२:९) ।

- दाखरस/दाखमद्य (मत्ति २६:२७-२८) : रगत (HAIMA, Strong G1035), भनेको जीवनको सार हो (लेवी १७:११), र प्रभुले यसलाई साँचो पेयको रुपमा प्रस्तुत गर्नुभएको थियो ( POSIS: पिउने पेय, अंगुर रसलाई जनाउँछ । स्ट्रोङ्ग जि ४२१३), उहाँले भन्नुभयो, " यो मेरो रगत हो", जुन जीवनको लागि बगाइन्छ । यसले प्रभुसँगको मेलमिलापलाई जनाउदछ, रगतको अर्थ भनेको पापहरुको क्षमा हो (हिब्रू ९:२२), र परमेश्वरसँग मानिसको शान्ति हो ( २ कोरिन्थी ५:१९), जसद्धारा प्रभु हुनुहुने पवित्र स्थानमा हामी प्रवेश गर्छौं । प्रभु उहाँको अनुग्रहको सिंहासनमा हुनुहुन्छ (हिब्रू ४:१६) ।

**३.) हामीले पवित्र प्रभु भोज लिनु किन हावश्यक छ ?**

क.) प्रभुको मृत्यु र पुनरुत्थानलाई सम्झिन (१ कोरिन्थी ११:२४): प्राणले परमेश्वरको उपकारलाई बिर्सन सक्दछ (भजनसंग्रह १०३:२), त्यसैले प्रभु भोजको उद्देश्य भनेको क्रूसमा प्रभु खीष्टको बलिदानलाई सम्झनु हो ( फिलिप्पी २:८), ताकि आशा जिवित भएको होस् (रोमी ५:२), र उहाँसँग अलग गरिएको होस् (१ यूहन्ना ३:३) ।

ख.) हामीमा अनन्त जीवन रहन (यूहन्ना ६:५१-५३): हामी आफैले आफूलाई प्रभुभोजमा जाँच्दा (१ कोरिन्थी ११:२८), हामीले असहज कुराहरु हटाउनुपर्दछ जुन कुराले परमेश्वरलाई असन्तुष्ट पार्दछ ताकि हामी सफा हुन सकौं (१ यूहन्ना १:९) । जब हामी पवित्र प्रभुभोज खान्छौं, हामीले खीष्टलाई र उहाँको जीवनलाई (ZOE) हामीमा लिइरहेका हुन्छौं (यूहन्ना ६:५७) ।

ग.) परमेश्वरसँग संगति : यो सङ्गतिले आत्माको शुद्धता खोज्दछ र यदि तपाई दृढ रहनुभयो भने, तपाईसँग उहाँको जीवन रहन्छ (यूहन्ना ६:५६) ।

घ.) बलियो पार्न, निको बनाउन र जीवन पाउन (१ कोरिन्थी ११:३०): प्रभु भोजलाई, आत्मिक समझ र व्यवहारमा नलिँदा हुने परिणामहरुः कमजोरीपन, आत्मिकी र शारिरीक रोगहरु हुन् र मृत्यु पनि, त्यसैले यसमा भाग लिँदा परमेश्वरलाई मनपर्ने गरी गर्दा हामीलेः शक्ति, आत्मिकीपनमा र शारिरिकपनमा निको हुन्छौं ।

ङ.) उहाँको प्रतिरुपमा हुन : रगतमा वंश भएको हुन्छ, यही कारणले गर्दा छोराछोरीहरु आमाबुवासँग मिल्दोजिल्दो हुन्छन् (उत्पति ५:३), त्यसैगरि जब हामी रगतमा भाग लिन्छौं, हामीले अद्भूत ईश्वरीय परिचय, पूरानो स्वभावबाट छुटकारा पाउन हामीले हाम्रो जीवनमा दिइरहेका हुन्छौं (एफिसी ४:२२) र यसरी नै हाम्रो खीष्टको सिद्धतामा नपुगुन्जेलसम्म नयाँ मानिसको स्वभाव लिनु पर्दछ (एफिसी ४:१३) ।

च.) संसारसँग न्याय गरिनलाई होइन : जब हामीले व्यक्तिगत रुपमा पवित्र आत्मा मार्फत् आफूलाई जाँच गर्छौं, हामी आफूले आफूलाई पापी ठहरिएका हुन्छौं (यूहन्ना १६:८), जसले गर्दा हामीलाई पश्चाताप र परमेश्वरको इच्छामा डोऱ्याउँछ ।

**४.) प्रभुभोजका लागि गरिएका निर्देशनहरु :**

क.) उहाँको सम्झनामा : उहाँको टेबलमा/अघि आउँदा परम्परागत रितिले नभई (मत्ति १५:८), उहाँको सम्झना र सम्मान गर्दै (१ कोरिन्थी ११:२४-२५), उहाँको मृत्युद्धारा हाम्रो भूतकाल (एफिसी २:१-२), वर्तमान (१ यूहन्ना २:१), "उहाँ नआउन्जेलसम्म" भविष्य सम्मका पापको ऋण तिर्नुभएको छ, यसले उहाँको पुनरुत्थान र पुर्नगामनको घोषणा गर्दछ, किनभने उहाँ जिवित हुनुहुन्छ (लूका २४:५), पापबाट क्षमा पाएकाहरुलाई आनन्द र खुशी दिनुहुन्छ (१ कोरिन्थी १५:१४) ।

ख.) प्रभुको शरिरलाई बुझ्नुहोस् : प्रभुभोज भौतिक रुपमा गरिने समारोह मात्र नभई (लूका २२:१५), एक उच्च आत्मिकी कार्य पनि हो : खीष्टको शरीरको प्रतिनिधित्व गर्ने रोटी हो (कलस्सी १:१८), उहाँ शरीरलाई बुझ्दै

गर्दा "तर ऊ त हाम्रा अपराधहरुका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं " (यशैया ५३:५)। यो भनेको हाम्रो दाजुभाइलाई प्रेम गर्नु हो जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो (यूहन्ना १५:१२), ताकि उहाँको शरीर र रगतको खातिर कोही पनि  दोषी नठहरियोस् (१ कोरिन्थी ११:२९)।

ग.) भाग लिन योग्यको हुनुहोस् : यसमा सहभागी हुन मानिस पूर्ण सिद्ध हुनुपर्छ भन्दैन (लूका २२:३१-३२), तर उहाँमा सिद्ध हुन खोज्नुपर्दछ (मत्ति २६:७५); यो भनेको आफूले आफैँलाई परमेश्वरको अघि राखी जाँच गर्ने मौका हो (१ कोरिन्थी ११:२८), यसलाई प्राणले निर्देशन गर्न दिनुहुँदैन किनकी, यसले आफैलाई धर्मी ठहराउने झुकाव राखेका हुन्छ (लूका १२:१९), तर पवित्र आत्माबाट भने हामीलाई सम्पूर्ण सत्यहरुमा पुग्न सहायता गर्दछ (यूहन्ना १६:१३) । योग्य भई सहभागी हुनु भनेको हाम्रो कमजोरी अवस्थालाई बुझ्नु हो र संसारबाट न्याय हुन र शैतानबाट आरोपित हुनबाट जोगिनका लागि सहायताको पुकारा हो ।

घ.) कर्मकाण्डद्वारा होइन : खीष्टको शरीरलाई न्यायोचित गरि खाने र पिउने कर्ममा प्रभुभोजलाई बुझ्न मिल्दैन । जब यस्तो बहुमूल्य समयमा हामी हुन्छौं, हामीले हाम्रो कार्यहरुको प्रायश्चित गर्नुपर्दछ, पश्चाताप गर्नुपर्दछ किनकी, हामी पवित्र आत्माको अगाडि छौं (१ कोरिन्थी ११:२९-३०)।

ङ.) पवित्रआत्मासँगको संगति : भोज माथिल्लो कोठामा तयार गरिएको थियो (लूका २२:१२), यो परमेश्वरसँगको अन्तरक्रियाको खोजी गर्ने चित्र थियो (प्रस्थान २४:१५-१६)।

च.) समय अवधि (१ कोरिन्थी ११:२५): बाइवलले प्रभुभोज कति पटक गर्नुपर्छ भनी उल्लेख गरेको छैन । यद्यपि, यसले अक्सर गरिराख्नुपर्ने संकेत भने गर्दछ ।

प्रभुभोज भनेको एउटा यस्तो भोज हो जुन मानिसहरुको लागि तयार बनाइएको स्वतन्त्रता र आशिष्को भोज हो; आफूले आफूलाई लेखाजोखा गर्न र उहाँसँगको संगतिलाई खोज्नलाई गरिएको हो, त्यसैले हामीले गम्भिर्तापूर्वक भाग लिनै गर्छ र सोहि समयमा खीष्टको बलिदानद्धारा दिइएको आशिषको आनन्द लिने एउटा अवसर पनि हो ।

# पवित्र आत्माको बप्तिष्मा (BAPTISM OF THE HOLY SPIRIT)

*मत्ति ३:११*

*"मचाहिँ त तिमीहरुलाई पश्चातापको लागि पानीले बप्तिष्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ । उहाँले तिमीहरुलाई पवित्र आत्मा र आगोले बप्तिष्मा दिनुहुनेछ !*

**परिचय :** पुरानो करारमा, व्यवस्थाहरु ढुङ्गाका पाटिहरुमा परमेश्वरको औँलाबाट लेख्नुभयो, जो पवित्र आत्मा हुनुहुन्छ र यो व्यवस्था कसैले पूरा गर्न सक्दैन, किनकी यो असल छदाछदैं यसलाई जान्नेहरुले पनि यसमा भई बाँच्न सकेनन् । वास्तवमा कोहिले पनि व्यवस्थालाई पूरा गर्न सक्दैन, किनकी जो कोहिले कुनै एउटा मात्रै आज्ञा/व्यवस्थालाई पूरा गर्नलाई चुक्छ तर अरु सबै व्यवस्था पालन गर्छ भने, सो व्यक्ति मृत्युको कैदी हुनुपर्दथ्यो । त्यसैले अझ राम्रो करार ल्याउन उहाँले प्रतिज्ञा गर्नुभयो, जहाँ कुनै व्यवस्थाहरु ढुङ्गाहरुमा लेखिदैन तर उहाँको मानिसहरुको हृदय र मस्तिष्कमा लेखिनेछ र यहि नै असल करार थियो, किनकी यसरी नै नयाँ व्यवस्थामा बाँच्न सक्ने नियम दिनुभयो, जुन व्यवस्था आत्माको व्यवस्था हो र पवित्र आत्माले यसमा बाँच्न मद्दत गर्नुहुन्छ ।

यशैया २८ अध्यायमा, हामी पढ्न सक्छौं कि, प्रभुले यरुशलेमका शासकहरुको निन्दा गर्नभयो र अगमवक्ताहरु आत्माले भरिनुको सट्टा रक्सीको नशामा दुषित भएका थिए, जसमा केवल अन्त्य मात्र छ (यशैया २८:७-११)।

प्रभुले हामी बाँचिरहेको समयलाई अंकित गर्दै, अगमवक्ता यशैयाको मुखबाट यसो भनी घोषणा गर्नुभयो कि, उहाँले आफ्ना मानिसहरुसँग अनौठो भाषामा र हड्वडाउनेहरुको जिब्रोमा बोल्नुहुनेछ र यो सँगै उहाँले पवित्र आत्माको आगमनको घोषणा गर्नुभयो (यशैया २८:१०-११)। यशैयाले अघिल्लो पदमा आत्माले प्रयोग गर्ने भाषा मानिसहरुसँग प्रगोग गर्नुहुन्थ्यो, जसरी अन्य भाषा आजको दिनमा हामी जान्दछौं । येशू क्रूसमा जानुअघि, उहाँले आफ्ना चेलाहरुलाई पवित्र आत्माको प्रतिज्ञा गर्नुभयो (यूहन्ना १४:१६-१७)।

आजकल पवित्र आत्माले भरिने र बप्तिष्माको बारे प्रभुका जनहरुमा भ्रम भएको छ । कसैले यसरी विश्वास गर्छन् कि, यद्यपि उनीहरुले अन्य भाषा नबोलेपनि पवित्र आत्माको बप्तिष्मा विश्वास गरेको क्षणदेखि नै हुन्छ भनी दाबि गर्दछन् तर हामी वचनको प्रकाशमा हेर्नेछौं, त्यहाँ दुई फरक कुराहरु छन् । हामी बप्तिष्मा दिने यूहन्नाको उदाहरण हेरेर शुरु गरौँ (लूका १:१३-१५)।

बप्तिष्मा दिने यूहन्ना उनका माता एलिशिबा र बुवा जकरिया पनि आत्माले भरिएका थिए, तर उनीहरुले पवित्र आत्मामा बप्तिष्मा पाएका थिएनन्, किनभने पुरानो करारमा पवित्र आत्मा कहिल्यै पनि कुनै मानिसमा वास गर्न आउनुभएको थिएन र न त पवित्र आत्माले बप्तिष्मा गर्नलाई कोहि आएको थियो, यसबाट हामीले बुझ्छौं कि, आत्मामा भरिनु र पवित्र आत्माको बप्तिष्मा हुनु भनेको दुई फरक कुराहरु हुन् (मत्ति ३:११-१४)। "भरिनु" भनिने शब्द, ग्रिक शब्द PLEDSO (strong G4130) बाट आएको हो, जसको अर्थ भर्नु, आत्मासात गर्नु र भिजाउनु हो । स्वानसन शब्दकोशको अनुसार यसको अर्थ पूर्ण रुपमा भरिनु र माथिदेखि भरिनु हो ।

यो शब्दले पवित्र आत्मा ढुकुरको रुपमा जस्तै ओर्लिनुभयो र येशूमा अवतरित हुनुभयो (यूहन्ना १:३२-३४)। पर्च शब्द ग्रिक शब्द "मेमो" (Strpng G3306) बाट आएको हो जसको अर्थ एकै ठाउँमा बस्नु, वास गर्नु हो । डिक्सनरी भाइनका अनुसार यसको अर्थः रहनु, बस्नु, बाँच्नु र राख्नु हो । त्यसैले आत्माले भरिनु र पवित्र आत्माले बप्तिष्मा हुनुमा फरक कुरा छ ।

बप्तिष्मा

विश्वासीको हृदयमा घर बनाउन पवित्र आत्मा पहिलो पटक आउनुहुन्छ ।

यसको प्रमाण यो हो कि, उसले अन्य भाषाहरु बोल्दछ (प्रेरित २:४; १०:४५-४६; १९:६)

हामी पवित्र आत्माको मन्दिर बन्दछौं (१ कोरिन्थी ३:१६; ६:९)

हामीलाई छुटकाराको दिनको लागि छाप लगाइएको छ । (एफिसी ४:३०; १:१३-१४)

भरिनु/भर्नु

यो केवल ओर्लन्छ, तर भित्र पस्दैन, न त वास गर्छ ।

यदि कुनै मानिसको बप्तिष्मा भएको छैन भने उसले अन्य भाषाहरुमा बोल्दैन ।

यदि तपाईको पहिले नै बप्तिष्मा भएको छ भने, तपाई पूर्णतया भरिनुहोस् र अन्य भाषा बोल्नुहोस् र बप्तिष्मामा प्राप्त गर्नुहोस् ।

१.) पवित्र आत्मा सान्त्वनाकर्ता हुनुहुन्छ (यूहन्ना १४:१६, यशैया ४०:१-२): हामीसँग पुत्रको सान्त्वना रहेको छ, जसले हाम्रा सबै अधर्महरु तिर्नुभयो र आत्माको शान्ति छोडि जानुभयो । पवित्र आत्मालाई बाइबलमा पानी र तेलजस्ता विभिन्न तत्वहरुसँग तुलना गरिएको छ । यो ठिक ती दुई तत्व हुन् जुन घाउ उपचार गर्न प्रयाग गरिन्छ । घाउलाई किटाणुरहित बनाउन पहिले यसलाई धुनुपर्छ र त्यसपछि तेल फैलाएर लगाउनुपर्दछ किनकी यसले घाउलाई नरम बनाउन मद्दत गर्छ र घाउबाट पापराहरु हटाउन पनि मद्दत गर्छ । त्यसैले असल सामरीले अपरिचित व्यक्तिलाई तेल र मद्य लगाएका थिए, जसले एन्टिसेप्टीक र आनन्दको चित्र देखाउदछ । यो पवित्र आत्माको मुख्य कार्यहरु मध्ये एक हो । त्यसैले हामी ख्रीष्टमा आउँदा र विश्वास गरे पश्चात् र पानीको बप्तिष्मा पछि तत्काल पवित्र आत्मालाई पाउन जरुरी छ ।

२.) पवित्र आत्माका केहि कार्यहरु यस प्रकार छन्:

क.) उहाँले हामीलाई सम्पूर्ण कुरा सिकाउनुहुनेछ (यूहन्ना १४:२६)

ख.) ख्रीष्टको साक्षी भई बस्छ (यूहन्ना १५:२६)

ग.) उहाँले परिपक्व सन्तानहरुलाई डोऱ्याउनुहुनेछ र हामीलाई भविष्यको बारे थाहा दिनुहुनेछ ( यूहन्ना १६:१३)

घ.) उहाँले हामीलाई सबै सत्यमा डोऱ्याउनुहुनेछ र हामीलाई भविष्यको बारे थाहा दिनुहुनेछ (यूहन्ना १६:१३)

ङ.) उहाँले हामीलाई हामी उहाँका सन्तानहरु भनी डोऱ्याउनुहुन्छ (रोमी ८:१६)

च.) हामीलाई साक्षी हुन शक्ति दिनुहुन्छ (प्रेरित १:८)

३.) पवित्र आत्माको बप्तिष्मा कसको लागि हो ? यसको रोचक जवाफ हामीले प्रेरित २:३९ मा हामीले यसरी पाउछौं: किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाढाटाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।

४.) यसलाई प्राप्त कसरी गर्न सकिन्छ ?

क.) हात राखेर (प्रेरित १९:६)

ख.) प्रार्थना गरेर (प्रेरित ८:१४-१५)

ग.) विश्वासका साथ वचन सुनेर (प्रेरित १०:४४; गलाति ३:२)

५.) फाइदाहरु :

क.) यसले हामीलाई साहसका साथ परमेश्वरको वचन बोल्न सहायता गर्छ। (प्रेरित ४:३१)

ख.) हामीलाई शक्ति प्रदान गर्छ (प्रेरित ९:३१; एफिसी ३:१६)

ग.) आत्मा भरिदा हामीलाई हाम्रो जीवनमा आनन्द ल्याउँछ (रोमी १४:१७; प्रेरित ९:३१)

घ.) हाम्रो हृदयमा परमेश्वरको प्रेम खनाइन्छ। (रोमी ५:५)

ङ.) शरीरले गर्ने खराब कामहरुमा हामीलाई दफन गर्छ (रोमी ८:१३; गलाति ५:१६)
च.) उहाँले हामीलाई प्रार्थना गर्न सिकाउनुहुन्छ र हाम्रो लागि मध्यस्थता गर्नुहुन्छ (रोमी ८:२६)

छ.) उहाँले हामीलाई साक्षी रहनको लागि चिन्हहरु र आश्चर्यकामहरुको शक्ति दिनुहुन्छ (रोमी १५:१९; १ कोरिन्थी २:४; हिब्रु २:४)

ज.) हामीलाई आत्माको फल दिनुहुन्छ (गलाति ५:२२; हिब्रु १३:१५)

झ.) हाम्रो आत्मालाई पुन नयाँ गराउँछ (तितस ३:५)

ञ.) हामीलाई पवित्र पार्दछ (२ थेसलोनिकी २:१३; १ पत्रुस १:२)

ट.) हाम्रो शरीरलाई परिवर्तन गर्छ (२ कोरिन्थी ५:४-५; रोमी ८:११)

ठ.) हामीलाई प्रभुमा रहन मद्दत गर्दछ (१ यूहन्ना ३:२४; १ यूहन्ना ४:१३)

ड.) उहाँले हामीलाई विवाहको लागि तयार गर्नुहुन्छ (प्रकाश २२:१७)

पवित्र आत्माको बप्तिष्मा पछि, उहाँको पूर्णता कायम राख्नु हाम्रो जिम्मेवारी हो, ताकि यसको लाभहरुमा हामी सहभागी भई यसको व्याख्या गर्न र पूर्णतामा पुग्न सक्दछौं। हामीले यो कुरालाई पनि सम्झिनुपर्दछ कि पवित्र आत्मा दुखित हुनसक्नुहुन्छ (एफिसी ४:३० BTA 2003) निभ्न सक्नुहुन्छ (१ थेसलोनिकी ५:१९) र उहाँ अलग पनि हुन सक्नुहुन्छ ( न्यायकर्ता १६:२०; भजनसंग्रह ५१:११)। त्यसकारण इजरायलका मानिसहरुले गरे झैं हामीले यो महान् मुक्तिलाई बेवास्ता गर्नुहुन्न तर उहाँको डर र भयमा यसको हेरचाह गर्नुपर्दछ।

# बप्तिष्माका पक्षहरु (पाटोहरु) (FACETS OF BAPTISM)

*एफिसी ४:४-६*

*शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ–एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिष्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।*

**परिचयः** बाइवलले एक चोटि मात्रै गरिने बप्तिष्माको विषयमा बताउदछ (एफिसी ४:५) र हिब्रु ६:२ मा पनि बप्तिष्माको सिद्धान्तको बारे उल्लेख गरिएको छ; यसले हामीलाई एउटा मात्र बप्तिष्मा तर यसका फरक पक्षहरु व पाटाहरुबारे देखाउदछ; यसैगरि बप्तिष्माको अर्थ भनेको निरन्तर डुब्नु हो, यसले विभिन्न तरिकाबाट हुने बप्तिष्माको संकेत गर्दछ; र खीष्टको स्वरुप हामीले नबुझुन्जेलसम्म हरेक नयाँ जन्मका पक्षहरुमा र सफा गरी काम गर्ने पक्षमा हाम्रो जीवनमा हुन जरुरी छ (रोमी ८:२९; २ कोरिन्थी ३:१८)।

बप्तिष्मा भनिने शब्द ग्रिक शब्द व्याप्टिजो (BAPTIZO), भनिने शब्दबाट अनुवाद गरिएको हो जसको अर्थः निरन्तर डुब्नु हो, डुबेर शुद्ध हुनु हो, पानीबाट चोखिनु हो (Strong G907) यसले बप्तिष्मालाई आज्ञाकारिताको कार्यको रुपमा पानीमा डुबाइ शुद्ध पारिने कुरालाई देखाउँदछ । यो शब्द ब्याप्टो (BAPTO) भनिने शब्दबाट पनि आएको हो जसको अर्थः भिज्नु/भिजाउनु, रङ लिनु हो (strong G911)। यो शब्द कपडालाई रङ्गाउनलाई प्रयोग गरिन्थ्यो, एउटा ठूलो भाँडोमा पानी हाल्ने आदि कुराहरुमा प्रयोग गरिन्थ्यो । अर्कोतर्फ भने, यो शब्द व्याप्टिष्टा (BAPTISTA) बाट आएको हो, जसको अर्थ डुबाउने प्रक्रिया हो (strong G910) । बप्तिष्मा भनेको नुहाउनु र खीष्टको रङ्गमा रङ्गिने कुराहरुमा यसले हामीलाई उदाहरण दिएको छ । यस अध्ययनमा निम्न पक्षहरु यस प्रकारका छन्:

**१.) पश्चातापमा हुने बप्तिष्मा (मर्कूस १:४):** पश्चाताप भनेको दुखी हुनु, विलाप गर्नु र रुनु हो भन्ने धारणा धेरैको हुन्छ, तर यो मामला बाइवलले देख्दैन, तर यी भावनाहरु भने पश्चातापबाट हुने अभिव्यक्ति चाहिँ हुन सक्छ । पश्चाताप (repentence) भनिने शब्द ग्रिक शब्द मेटानोइया (METANOIA) शब्दबाट आएको हो जसको अर्थ दिमाग र परिवर्तन दिमाग हो (strong G3341) यसले पश्चाताप गर्नु भनेको आफ्नो मन, सोच्ने तरिका परिवर्तन गर्नु हो । पवित्र आत्माको सेवकाईबाट हामीले नराम्रो कार्यहरु गरेको भनी बुझ्दछौं । हामीले पाप गरेका छौं र हामीलाई परमेश्वरको आवश्यकता छ (यूहन्ना १६:८)। यसका केहि विशेषताहरु यस प्रकारका छन् :

क.) यसले हामीलाई पापपूर्ण अवस्था पहिचान गर्न मद्दत गर्छ (मर्कूस १:४): हरेक विश्वासीहरु प्रभुमा आउँदा हुने पहिलो बप्तिष्मा यहि नै हो, किनकी यसले हाम्रो पाप र उहाँबाट हराइएको अवस्थालाई देखाउदछ, ताकि हामी उहाँको शत्रु हुँदाहँदै उहाँले आफ्नो पुत्र पठाउनुभयो र हाम्रो पापको लागि आफूले आफूलाई थुमाको रुपमा प्रस्तुत गर्नुभयो (लूका ३:३; ५:३२; प्रेरित १३:२४; १९:४; मत्ति ३:११)। मानिसमा पाप पुगेको कारणले गर्दा बप्तिष्मा खीष्ट्यानहरुको लागि भयो किनकी, यो एक स्थिर प्रक्रिया हो, यसका चरणहरु यस प्रकारका छन् :

- पश्चाताप (प्रेरित ३:१९, २६:२०): हामी प्रभुमा आउदा पश्चाताप गर्नुपर्ने थुप्रै कुराहरु हुन्छन्, उदाहरणका लागिः अशुद्धताको कार्य, व्यभिचार, अनैतिकता (२ कोरिन्थी १२:२१), हत्या, तन्त्रमन्त्र, जादुगरी, चोरी र दुष्ट कार्यहरु (प्रकाश १६:९-११)।
- रुपान्तरण (प्रेरित ३:१९, २६:२०): पश्चाताप पछि रुपान्तरित हुन आवश्यक हुन्छ, व्यवहारमा परिवर्तन हुन पनि आवश्यक छ, यसकारण जब फरिसीहरु बप्तिष्मा भएको समयलाई बप्तिष्मा दिने यूहन्नाले देखे, पश्चातापको योग्य फल फलाउनुपर्छ भनी उनीहरुले सामना र संकेत गरे (मत्ति ३:८)।

ख.) पश्चाताप बिना केवल दण्ड मात्रै छ (लूका १३:३,५): यो विचार गर्न आवश्यक छ कि मुक्ति सबैको लागि होइन (२ थेसलोनिकी ३:२) किनकी पश्चाताप बिना कुनै पनि व्यक्ति जति असल भएपनि उसले अनन्त दण्डलाई पर्खिएको हुन्छ ।

२.) **पानीको बप्तिष्मा (मत्ति २८:१९):** पानीको बप्तिष्मा भनेको पानीमा डुब्नु हो, पुरै डुब्नु हो र प्रभु येशूले दिनुभएको दुई वटा विधि मध्ये यो एक हो । पनीको बप्तिष्माको फाइदाहरु यस प्रकारका छन् :

क.) पापको क्षमा (प्रेरित २:३८): बाईवलले पश्चातापद्धारा र पानीको बप्तिष्माद्धारा परमेश्वरले हाम्रो पापहरुलाई क्षमा गर्नु भन्नु नै हामीलाई शुद्ध गर्नु र पखाल्नु हो । क्षमा भनिने शब्द (Aphesis) एफिसिस भनिने ग्रिक शब्दबाट अनुवादित भएको हो र यसको अर्थ स्वतन्त्र पारिनु, छुटकारा दिनु र पापको बन्धनबाट फुकाउनु हो (strong G859), यसले बप्तिष्मामा हुने स्वतन्त्रताको संकेत गर्दछ । स्वतन्त्रता "Freedom" भनिने शब्द इलिउथेरा (Eleutheria) ग्रिक शब्दबाट अनुवादित शब्द हो जसको अर्थ आनन्दका साथ हुने छुटकारा हो (strong G1657) यसले बप्तिष्माद्धारा हामीलाई मूर्तिपूजा र पापको दास हुनबाट छुटकारा दिँदछ ।

ख.) खीष्टसँग गाडिने र बौरी उठ्ने (रोमी ६:२-४; कलस्सी २:१२): उत्पती ३:१९ मा, परमप्रभुले आदमलाई यसो भन्नुभयो : "माटोमा नफर्कुञ्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैँले खानेछस् । किनकी माटैबाट तँ निकालिएको थिइस् । तँ माटै होस्, र माटैमा फर्किजानेछस् ।", परमेश्वरले पृथ्वीमा पुन फर्कन मर्नुपर्छ, तर खीष्टयानको लागि उहाँले बप्तिष्माको विधि छोड्नुभएको छ भनी हामीलाई सिकाउँछ, किनकी यसमा हामी प्रभुको मृत्युसँगै उहाँमा एक भएका छौँ, जसरी उहाँले उत्पती ३:१९ मा भनिएको कुरालाई पूरा गर्नुभयो, जहाँ लेखिएको छ, किनकी प्रभु हाम्रो साट्टो मर्नुभयो ।

- दफन : यहि शब्दलाई ग्रिक शब्दमा सुनथाप्टो (SUNTHAPTO) भनिन्छ जसको अर्थ सँगसँगै गाड्नु हो; यसलाई एक रुपक अर्थमा प्रयोग गरिएको छ, जुन खीष्टको दफनमा विश्वासीको परिचय छ। जब हामी पानीमा डुब्छौँ, हामी येशू खीष्ट सँगै पापमा दफन भएका छौँ ।
- हामी जीवनको )नयाँपनमा हिँड्न हुर्केका छौँ : पुनरुत्थान शब्द ग्रिक शब्द सुन्एगेरो (SUNEGEIRO) बाट आएको शब्द हो, जसको अर्थ सँगसँगै उठाइनु हो (strong G4891) र यो शब्द विश्वासीको खीष्टसँग आत्मिकी पुनरुत्थानको लागि प्रयोग गरिएको छ (एफिसी २:६)। जसरी प्रभु येशू खीष्ट उठ्नुभयो र उहाँको शरीर रुपान्तरित भयो, त्यसरी नै जीवनको नयाँपनमा हिँड्न हामी उठ्छौँ र उठाइन्छौँ ।

ग.) असल विवेक (१ पत्रुस ३:२१): प्रभुमा आउनुभन्दा अगाडि हाम्रो विवेक यस्तो तरिकाको प्रदुषित र पापपूर्ण थियो कि हामीले पाप गर्दा यो विवेकले कहिल्यै हप्काएन तर प्रभुमा जीवन समर्पण गर्दा हामीले तटस्थ विवेक पाउँछौ र बप्तिष्मामा हामीले असल विवेक पाउछौँ ।

घ.) चेलापन (मत्ति २८:१९): प्रभुले भन्नुभयो, जो कोहिले उहाँलाई विश्वास गर्छ र बप्तिष्मा लिन्छ भने सो व्यक्ति उहाँको चेला बनाइनेछ, त्यसैले बप्तिष्माले चेला बनाउन योग्यको बनाउँछ ।

ङ.) पुनरुत्थानमा सहभागी (रोमी ६:५): यो खण्डमा पुनरुत्थान भनिने शब्द अनास्टासिस (ANASTASIS) भनिने शब्दबाट आएको हो जसको अर्थ उचाई (अना ana: माथि र हिस्टेमी (histemi: खडा हुने) हो (strong G386) त्यसैले बप्तिष्मा हुने जतिको पुनरुत्थान भएको छ, जसले बप्तिष्माको बारे सुनेको मात्रै छ र बप्तिष्मा लिने मौका हुँदा पनि जसले लिँदैनन् र यस्तै अवस्थामा जसको मृत्यु हुन्छ, सो व्यक्तिहरु सहभागी हुन पाउदैनन् ।

३.) पवित्र आत्माको बप्तिष्मा (मत्ति ३:११): यो भनेको पवित्र आत्मामा डुब्नु हो जो अन्य भाषाबाट प्रमाणित हुन्छ । कहिलेकाहिँ पवित्र आत्माको बप्तिष्मा पानीको बप्तिष्मा पछि पनि हुने गर्दछ (प्रेरित २:३८), यो सँगसँगै हुन पनि सक्छ वा पानीको बप्तिष्मा हुनु भन्दा अघि पनि हुनसक्छ (प्रेरित १०:४७-४८), किनभने यसको बप्तिष्मा स्वयम् प्रभु येशूले दिनुहुन्छ (मत्ति ३:११)। यसलाई प्राप्त गर्न हामीले हाम्रो सारा हृदयले येशू ख्रीष्टलाई माग्नुपर्छ र हाम्रो आत्माको सम्पूर्ण शक्तिले यसको चाह गर्नुपर्छ । यो बप्तिष्मा प्राप्त गरेर हामीले निम्न कुराहरु प्राप्त गर्नसक्छौँ :

क.) वरदानहरु (१ कोरिन्थी १२:४; प्रेरित १०:४५; हिब्रु २:४; १ कोरिन्थी १२:४, ७-११): वरदान भनिने शब्द ग्रिक शब्द करिस्मा (charisma) भनिने शब्दबाट आएको छ, जसको अर्थ अनुग्रह र उपहार हो, यसमा परमेश्वर अनुग्रहको दाता हुनुहुन्छ (strong G5487), ख्रीष्टको शरीर आत्मिक उन्नति र शुद्धता कायम राख्न उहाँले वरदानहरु दिनुभयो (रोमी १२:४-६)।

ख.) मार्गदर्शन (यूहन्ना १६:१३): मार्गदर्शन भनिने शब्द ग्रिक शब्द जोडेगुइयो (JODEGUEO) बाट आएको शब्द हो जसको अर्थ हिँड्ने बाटोमा अगाडि बढ्नु हो र मार्ग निर्देशन दिनु हो, शाब्दिक रुपमा यसको अर्थः अन्धाहरुलाई डोऱ्याइ निर्देशन गर्नु हो (strong G3594)। यस पक्षमा पवित्र आत्माले विश्वासीलाई सल्लाह र सत्यतामा निर्देशन दिनुहुन्छ किनकी उहाँले परमेश्वरको खातिर बोल्नुहुन्छ (प्रेरित १३:२)।

ग.) शिक्षा (यूहन्ना १४:२६): यस पदमा “सिकाउनुहुन्छ” भनिने शब्द, डिडास्को (DIDASKO) शब्दबाट अनुवादित शब्द हो (strong G1321)। पवित्र आत्मा हामीमा एक शिक्षक/सल्लाहकार हुन्छ, हामीलाई सल्लाह दिनुहुन्छ, प्रकाश पार्नुहुन्छ (लूका १२:१२), जसरी एज्राले इजरायलका मानिसहरुलाई व्यवस्था सिकाएका थिए ( नहेम्याह ८:८)।

घ.) पूर्णतामा भरिनु (प्रेरित २:४): पवित्र आत्माले हामीलाई भर्नुहुन्छ, बाईवलले हामीलाई उहाँसँग रहन अथवा सदाको लागि भरिनु भनी जोड दिन्छ, (एफिसी ५:१८), तर यो कुनै शरीरको सन्तुष्टतालाई चाहना गर्न भने होइन (गलाती ५:१६)।

# बप्तिष्माका पक्षहरु #२ (FACETS OF BAPTISM #2)

*एफिसी ४:४-६*

*शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ– ५.एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिष्मा, ६. हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।*

परिचय : हिब्रु ६:२ मा हामीलाई परिपक्व हुन र बढ्न आग्रह गरिएको छ, त्यसैले सिद्धान्तको प्रारम्भिक कुराहरु पहिले नै थाहा हुनुपर्दछ भनी सङ्केत गर्दछ र यसमध्ये एउटा चाहिँ बप्तिष्माको सिद्धान्त हो, यसलाई ख्रीष्टयानहरुले जानेर स्थिर र वृद्धि हुन सात पक्षहरुको विचार गर्न लगाएको छ, जसले पुर्नस्थापनाको तयारी गर्नेछ । पहिलेको विषयमा, चारवटा पक्षहरु अध्ययन गरेका थियौं (पश्चाताप, पानी, पवित्र आत्मा र आगो), यसकारण यो जान्न जरुरी छ ।

बप्तिष्माले प्रत्येक ख्रीष्टयानसँग व्यवहार गर्न परमेश्वरले एउटा प्रकिया गठन गर्नुभयो ताकि ख्रीष्टको स्वरुप उहाँले छाप्नुहुन्छ र हामीलाई मौलिक रुपमा फर्काउनुहुन्छ । यस विषयवस्तुमा तिनवटा पक्षहरु विकसित गरिएका छन्, ति हुन् : शरीरमा बप्तिष्मा, ख्रीष्टमा बप्तिष्मा र पितामा बप्तिष्मा ।

**१.) शरीरमा बप्तिष्मा (१ कोरिन्थी १२:१३):** चर्च ⁄ मण्डली प्रभु येशूको रहस्यमय शरीर हो (कलस्सी १:१८)। शरीरमा बप्तिष्मा भनेको मण्डलीमा सहभागी हुनलाई पहिचान र प्रतिबद्धता गराउनु, मण्डलीमा एकता हुनु मेलमिलाप रहनु इत्यादि हो । पेन्टिकोस्टको दिनमा सबैजना सँगै, एउटै भावनामा एकमत थिए (प्रेरित २:१), यो बप्तिष्मा दु:ख, सतावट, उत्पीडित, गरिबता, आदिको परिणाम हुन सक्छ जहाँ व्यक्तिगत परिणाम मात्रै नसोची सबैजनाको भलाई सोच्नुपर्दछ (प्रेरित २:४४-४६)। यहि बप्तिष्माको आधारमा जिउने विशेषताहरु यस प्रकारका छन् :

क.) उसले ख्रीष्टको शरीरमा काम गर्नपर्छ (१ कोरिन्थी १२:१४-२०): शरीरमा जसको बप्तिष्मा भएको छ, उसले सबै कुरा गर्न सक्छ भन्ने हुँदैन, सबैजनाको आ-आफ्नो जिम्मेवारी र काम हुन्छ, त्यसैले ऊ साम्प्रदायिक हुनुहुदैन किनकी यदि उनले सो काम गर्छ भने उनले आफूले आफूलाई शरीरबाट छुट्याएको हुन्छ ; तसर्थ यसले सबैजनाको आफ्नो जिम्मेवारी छ भनी सिकाउँछ र हामीले शरीरमा ( मण्डलीमा) भएका सदस्यहरुको लाभ लिनपर्दछ ।

ख.) उसले कहिल्यै पनि ख्रीष्टको मण्डलीलाई हानी गर्नुहुँदैन (१ कोरिन्थी १२:२६): जब कुनै व्यक्ति बप्तिष्माको पक्षमा बाँचेको हुन्छ, मण्डलीका अरु व्यक्तिलाई कुनै घटना आइपर्दा ऊ फरक हुनुहुदैन; जसरी एउटा औँलाको दुखाईले गर्दा सारा शरीरलाई दुख्छ (मत्ति २५:३६)।

ग.) पाँच सेवाकाईहरुलाई मान्यता दिनुपर्छ (एफिसी ४:१-१२): याद राख्नुहोस् : सेवकाई भनेको शरीरको जोर्नीहरु हो, जसद्धारा शरीर एकताबद्ध रहन्छ, यो एकमात्र माध्यम हो जसद्धारा हामी परमेश्वरको इच्छा अनुसार बढ्नेछौं तर एकताको सेवकाई भाँड्ने विरोधी पनि वरिपरी हुन सक्छ, परमेश्वरको इच्छाविरुद्ध जानु भनेकै बाबेलको धरहराको घटना जस्तै हो इच्छाविरुद्ध (उत्पत्ती ११:४)।

घ.) आफ्ना दाजुभाईहरुलाई प्रेम गर्न नछोड्नुहोस् (यूहन्ना १३:३४-३५): बप्तिष्माको यो विशेषतामा कुनै भाईले आफ्नो दाजुभाइलाई प्रेम गर्न छोड्दैन तर कुनै मौखिक र क्षणिक आधारमा होइन तर साँचो प्रेमका साथ गर्छ जुन कठिन समयमा पनि रहन्छ (हित्तोपदेश १७:१७)।

**२.) ख्रीष्टमा बप्तिष्मा/थुमामा बप्तिष्मा (एफिसी ५:३१-३२):** यसको अर्थ हामी ख्रीष्टमा सम्मलिन हुने हो (प्रकाश ३:१२)। यस बप्तिष्मामा सहभागी हुन भन्दा पहिला संसारमा मर्नपर्छ (गलाती ५:२४) र ख्रीष्टमा बाँच्नपर्छ (गलाती २:२०), उहाँलाई प्रेम गर्नुपर्छ र उहाँको रहस्यमय आगमनको प्रतिक्षा गर्नुपर्छ (याकुब ५:७), किनभने जब हामीले हाम्रो जीवनको

सम्पूर्ण क्षेत्रहरु पवित्र आत्माको नियन्त्रणमा समर्पण राख्छौँ, उहाँले हाम्रो प्राणलाई (यूहन्ना १४:२६), सेवा गर्नेहरुद्वारा पुर्नस्थापित गर्नुहुन्छ (एफिसी ४:११-१३; १ पत्रुस ५:६)।

ख्रीष्टको स्वरुप हाम्रो जीवनमा खोपिनुका लागि आवश्यक कदम भनेको वचनमा बप्तिष्मा लिनु हो (एफिसी ५:२६), किनकी यसले हामीलाई स्वतन्त्र बनाउँछ (यूहन्ना ८:३२,३६), विश्वासको कामलाई उत्पन्न गराउँछ (रोमी १०:१७) र परमेश्वरले हाम्रो लागि गर्न खोज्नुभएको काम प्राप्त गराउँछ (गलाती ३:२)। हामीले परमेश्वरको वचनमा आफूलाई डुबाउदा हामीले सत्यको खातिर प्रेम (एफिसी ४:१५), शुद्धता (यूहन्ना १५:३), पवित्रता (एफिसी ५:२६), शक्ति (१ थेसलोनिकी १:६), आनन्द, स्वतन्त्रता (यूहन्ना ८:३२) प्राप्त गर्छौं ।

यहि बप्तिष्माका पक्षबाट हामीले पाउने फाइदाहरु निम्नानुसार छन् :

क.) कुनै दण्ड दिइनेछैन (रोमी ८:१)

ख.) हाम्रो मरण भयो भने पनि हामी पहिलो श्रेणीमा उहाँको पुनरुत्थानमा सहभागी हुनेछौँ (१ थेसलोनिकी ४:१६-१७)।

**३.) पितामा बप्तिष्मा (१ कोरिन्थी १५:२८):** यो पक्ष बप्तिष्माको प्रक्रियाको अन्तिम पक्ष रहेको छ र यसमा यो समावेश गरिएको छ कि जसरी हामीले परमेश्वरलाई छोडि संसारिकपनमा आयौं, त्यसरी नै यस्तो समय आउँछ कि हामी उहाँमा पुन फर्कि जानेछौँ । यो प्रक्रियाको सुरुवात तब हुन्छ जब हाम्रो पश्चातापमा बप्तिष्मा हुन्छ, र हरेक पक्षहरु मार्फत् जब हामी थुमाको बप्तिष्मामा पुग्छौं, हामी ख्रीष्टमा ल्याइएका हुन्छौं (प्रकाश ३:१२, २२:१-२), जसरी हव्वाले आदमबाट बगैंचामा प्रवेश पाए त्यसरी नै हामीले ख्रीष्टबाट स्वर्गमा प्रवेश गर्न पाउछौं । बप्तिष्माका केहि महत्वपूर्ण पक्षहरु यस प्रकारका छन् :

क.) प्रभुका सबै शत्रुहरु पितामा हुने बप्तिष्मा पूरा भएको ठिक सेतो सिंहासनमा हुने न्यायपछि पराजित हुनेछ (१ कोरिन्थी १५:२६-२८; प्रकाश २१:१४)।

ख.) सबै ख्रीष्टयानहरुले पितामा बप्तिष्मा लिने छैनन्, जो पहिले नै योग्य ठहरिएका छन् र दोस्रो आगमनमा माथि उठाइनेछ (प्याराउसिया– Parousia/अनास्टासिस)। बाइवलले हामीलाई पितामा हुने बप्तिष्माको केहि चित्रहरु यसरी प्रस्तुत गरेको छ :

- पवित्र वासस्थान (प्रस्थान ४०:१७-३८; गन्ती ९:१५-१७): पवित्र वासस्थानको पालमा हुने पुजहारीहरुले अहिले ख्रीष्टयानहरु थुमामा बप्तिष्मा लिनेहरुलाई जनाउँदछ र पवित्र वासस्थानले येशू ख्रीष्टलाई जनाउँदछ, जो परमेश्वरको शरणस्थान हुनुहुन्छ (यूहन्ना १:१४) र बादलले पितालाई जनाउँदछ किनकी पवित्रस्थानको सुरुवातमा परमेश्वर स्वयम् आउनुहुन्थ्यो, उहाँले आफ्नो उपस्थिति सन्दुकमा देखाउनुहुन्थ्यो (लेवी १६:२)। जब बादल सर्दथ्यो, मानिसहरुले त्यो बादललाई पछ्याउथे, यो बप्तिष्मा पछिको चित्र हो र हामी पनि यसरी नै उहाँसँग हुनेछौँ ।
- रुपान्तरणको पर्वत (लूका ९:२८-३६): रुपान्तरीत भएको पर्वतमा मोशाले मरेका ख्रीष्टयानहरु र पारौसियामा (ख्रीष्टको दोस्रो आगमन) पुन बौरी उठिने र थुमामा लिने बप्तिष्मालाई जनाउँदछ (१ थेसलोनिकी ४:१५-१७), चेलाहरुले भने ख्रीष्टयानहरुलाई जनाउँछ जसले सम्पूर्ण प्रक्रियामा गई बप्तिष्मा लिएको हुन्छ र पारौसियामा (ख्रीष्टको दोस्रो आगमन) थुमामा बप्तिष्मा लिनेछन् (१ कोरिन्थी १५:५२), एलियाले मृत्युलाई नदेखी लगिएकाहरुलाई जनाउदछ जस्तै हनोक (उत्पत्ति ५:२४) र एलिया आफैं पनि हुन् (२ राजा २:११) र जसरी बादल तल झर्थ्यो र उनीहरुलाई ढाक्दथ्यो, यसले चाहिँ पितालाई जनाउथ्यो । यसले हामीलाई कसरी

येशू ख्रीष्ट परमेश्वर पितामा डुब्ने र उहाँसँग हामी मिल्ने भनी सिकाउदछ । परमेश्वर नै सबैमा हुनुहुन्छ भनि अंकित गर्दछ (१ कोरिन्थी १५:२८)।

- नयाँ यरुशलेमको मन्दिर (प्रकाश २१:२२): येशू ख्रीष्टले भन्नुभयो कि, उहाँले मन्दिरको एउटा स्तम्भ बनाउनुहुनेछ र उ त्यहाँबाट कहिल्यै बाहिर निस्कनेछैन (प्रकाश ३:१२), यसले एउटा प्रतिज्ञा गरेको छ कि जसले बप्तिष्माको प्रक्रियालाई समापन गर्दछ, उनीहरु पिताकहाँ फर्कनेछन्, जहाँ तिनीहरु आए र तिनीहरुले त्यो ठाउँ कहिल्यै छोड्नेछैन, किनकी उनीहरु उहाँसँग अनन्तकालसम्म बाँच्नेछन्, "र म परमप्रभुको घरमा सदासर्वदा वास गर्नेछु" यो पूरा हुनेछ । (भजनसंग्रह २३:७)।

बप्तिष्माको यी सबै पक्षहरु हाम्रो जीवनमा वास्तविकता बनाउनको लागि प्रभुलाई सोध्नु नै पर्दछ । थुमाको बप्तिष्मामा सहभागी हुन हाम्रो उत्कट इच्छा छ, त्यसैले हामी पश्चातापमा, पानीमा, पवित्र आत्मामा, आगोमा र शरीरमा बप्तिष्मा लिनुपर्दछ । थुमामा हुने बप्तिष्माको पक्षले हामीलाई पितासँगको बप्तिष्मामा सहभागी हुन ढोका खोलेको हुन्छ, जो सर्वोच्च परमेश्वर हुनुहुन्छ । उहाँ फेरि आउनुहुनेछ । यसैले हामी करारको सन्दुक ३ वस्तुहरुबाट मिलेर बनेको देख्छौं ( हिब्रु ९:४), मन्नाले येशू ख्रीष्टलाई जनाएको देख्छौं (यूहन्ना ६:४९-५१); व्यवस्थाको पाटीले पितालाई जनाएको देख्छौं, किनभने उहाँले नै यो लेख्नुभयो र मोशाको हातमा दिनुभयो (प्रस्थान ३१:१८); र हारुनको लहुरोले पवित्र आत्मालाई जनाएको देख्छौं, यो सबै करारको सन्दुकभित्र राखिएको थियो, जसले सबै कुरालाई घेर्नुहुने सर्वोच्चलाई जनाउदछ ।

# रगतका लाभहरु (THE BENEFITS OF THE BLOOD)

*हिब्रु ९:१३-१४*

*बोका र साँढेहरुको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरुमाथि छर्कदा तिनीहरुको शरीर शुद्ध हुन्छ भने, १४. ख्रीष्टको रगतले त झन् कति बढि गरी तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुद्ध पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वरको सेवा गर्न सक । किनकी उहाँले अनन्त आत्माद्धारा आफैलाई निष्खोट बलिको रुपमा परमेश्वरलाई अर्पण गर्नुभयो ।*

परिचयः पुरानो करारले विभिन्न प्रकारका बलिदानहरुको स्थापना गरेको थियो, सामान्यतया, यो प्रस्तावकर्तामा (पुजहारी) अनुमोदित हुनुपर्थ्यो, पापको मृत्युको बारे चेतना दिन उनीमाथि नै जिम्मेवारी थियो, त्यसैकारण परमेश्वरमा बलिदानहरु स्वीकार्य होस् भनी उनले बलिहरु चढाउँथे । बलि गरिएको रगत छर्कनुपर्दथ्यो किनभने यसले जीवनलाई जनाउदथ्यो ( लेवी १७:११)।

येशू ख्रीष्ट "परमेश्वरको थुमा" हुनुहुन्छ जसले संसारको पापलाई लिनुभयो (यूहन्ना १:२९), उहाँलाई सिद्ध रगत र बलिदानको रुपमा प्रस्तुत गर्नुभयो, यसले पुरानो करारमा गरिने सबै कार्यहरु विधिको आवरण गर्दैन तर उहाँको कार्यको कार्यले सबै पापलाई पूर्ण रुपमा धुनु भएको छ । त्यसकारण हराएको र आशाविहिन मानिसहरुलाई बचाउन सकिन्छ जुन परमेश्वरको थुमा कलवरीको क्रूसमा रगत बगाउनुभयो । बाईवलले यो घोषणा गर्छ कि ख्रीष्टयानलाई येशू ख्रीष्टको आज्ञा पालना गर्नको निम्ति परमेश्वर पिताद्धारा आत्माको पवित्र कार्यहरुद्धारा चुनिएको छ । तसर्थ हामीले यसबाट हुने लाभहरुमा आनन्दित हुन सक्छौं, यी मध्ये केहि लाभहरु यस प्रकारका छन् :

**१.) शुद्धता :** ख्रीष्टयानहरुले ख्रीष्टको आशिषित रगतबाट आउने फाइदाहरु जान्न र अनुभव गर्नुपर्दछ किनकी उसले येशू ख्रीष्टलाई आफ्नो हृदयदेखि ग्रहण गरेको हुन्छ उसले आफूलाई प्रभुको अघि शुद्धतामा प्रस्तुत नभएसम्म नयाँ जीवनमा उसले काम गर्दछ र परमेश्वरसँग सदाको लागि जिउँदछ । मोशा मार्फत दिइएको व्यवस्था बलिदानद्धारा सबै पाप रगतद्धारा शुद्ध हुनुपर्छ भनी स्थापित गरियो (लेवी १४:२५), र हिब्रुका पुस्तकमा मोशाको व्यवस्था अनुसार यसरी लेखिएको छ, रगतले प्रायः सब कुरा शुद्ध पार्दछ (हिब्रू ९:२२)। "शुद्ध" शब्द ग्रिक भाषा कथारिजो (KATHARIZO) बाट अनुवाद गरिएको शब्द हो, जसको अर्थ : सबैकुराको मिश्रणबाट छुट्टयाइएको सफापन र छटकारापन (strong G2511), जुन ख्रीष्टको रगतले कुनै पनि प्रकारको पापलाई सफा गर्दछ (२ कोरिन्थी ५:१७)।

**२.) रगतमा मुक्ति छ :** "छुटकारा" भनिने शब्द जसको लुट्रो (LUTROO) भनिने शब्दबाट अनुवाद गरिएको हो, जसको अर्थ (केहि नलिई गरिने रिहाई हो (strpng G3084) तर येशू ख्रीष्टले भने ठूलो मूल्य तिरी रिहाई गरि मानिसहरुलाई सबै अधर्मबाट छुटकारा दिनुभयो (तितस २:१४), उहाँले हामीलाई पुर्खाहरुबाट प्राप्त भएको पापमय जीवन शैलीबाट छुटकारा दिनुभयो (१ पत्रुस १:१८), जुन परम्पराको दासत्व र येशू ख्रीष्टको बहुमूल्य रगतबाट क्षतिपूर्ति तिर्नुभयो ।

**३.) रगतले पाप हटाउछ :** नयाँ करारले ख्रीष्टको रगत बाहेक कुनै गोरु र बाखाको रगतले पाप हटाउन सक्दैन भनी सिकाउछ (हिब्रू १०:४), जो एकपटक सबै मानिस जातिको पापको लागि (हिब्रू १०:१२) बलिदान हुनुभयो (१ यूहन्ना २:२)। ख्रीष्टको रगतले पापलाई लैजान्छ, किनकी उहाँमा कुनै पाप छैन (१ यूहन्ना ३:५)। "हटाएको" शब्द ग्रिक शब्द (आइरो) भनिने शब्दबाट अनुवाद गरिएको छ जसको अर्थ उठाउनु, बोक्नु वा बाहिर निकाल्नु (strong G142) हो, त्यसैले ख्रीष्टले हाम्रा पापहरु आफ्नो काँधमा बोक्नुभयो तकि कुनै पनि विश्वासीले बोक्नु नपरोस् भनी उहाँले बोक्नुभयो ।

४.) **उहाँले सबै पापबाट धुनुहुनेछ (१ यूहन्ना १:७):** ''धोइएको'' शब्दको अर्थ बाट कुरा गर्दा यसले ग्रिक शब्द काथरीजोलाई जनाउँदछ जसको अर्थः सफा बनाउनु हो, पापको दुषितताबाट धुनु अथवा शुद्ध र सफा घोषणा गर्नु हो (strong G2511), जो खीष्टको रगतबाट विश्वासीलाई सबै पाप र रोगहरुबाट धुनुभयो, जसरी खीष्टले कुष्ठरोगीलाई यदि तिमी धोइएको चाहन्छौ भने, उहाँले धुनुहुन्छ भन्नुभयो (मत्ति ८:२)।

५.) **विवेकलाई पखाल्छ (हिब्रू ९:१४):** खीष्टको रगतले उहाँको लागि सेवा गर्न विवेकलाई मृतक कामबाट धुनुहुन्छ । भाइन शब्दकोशका अनुसार विवेकले ''त्यस्तो योग्यतालाई जनाउँछ जसको माध्यमबाट परमेश्वरको इच्छालाई जान्दछ, जसले जीवनलाई शासन गर्ने इच्छा गर्दछ, उदाहरणको लागि : परमेश्वर सामु गरिएको अपराधको महसुस (हिब्रु १०:२)'' र अर्कोतर्फ, विवेक भनेको ''यस्तो विचारको प्रक्रियालाई भनिन्छ जसले नैतिक आधारमा राम्रो वा नराम्रो छुट्याउछ, असल कुराको तारिफ गर्छ खराबलाई निन्दा गर्छ र तसर्थ प्राथमिक कामलाई अभ्यास गर्ने र अन्य कामबाट बच्न प्रेरित गर्छ''।

यी परिभाषाहरुको प्रयोगबाट खीष्टको रगत नै विश्वासीको सोचाइलाई पखाल्न पर्याप्त छ, विवेकलाई बलियो बनाइ लग्दछ भनी हामीले बुझ्नुपर्छ ताकि उसले परमेश्वरबाट आएको कुरालाई छुट्याउन सकेको होस् (१ कोरिन्थी ८:७)।

६.) **हामी पुत्रमा स्थायी भएका छौं (यूहन्ना ६:५६):** प्रभुभोजको सेवकाईले पुत्रमा स्थायीत्व दिन्छ, जहाँ खीष्टले निश्चित गर्नुभयो, जसले उहाँको शरीरलाई खान्छ र रगतलाई पिउँछ, सो व्यक्ति उहाँमा रहन्छ र उहाँ त्यो विश्वासीमा रहनुहुन्छ ।

७.) **हामी सङ्गतिमा छौं (१ कोरिन्थी १०:१६):** ''सङ्गति'' भनिने शब्द कोइनोनिया (KOINONIA), ग्रिक शब्दबाट अनुवादित शब्द हो, जसको अर्थ : कुराहरु मिल्नु (साझा कुरा), संगति, कुनै पनि कुरामा भाग भएको, सहभागिता, संगतिलाई चिन्नु र आनन्दित हुनु हो (strong G2842)। विश्वासीहरु प्रभुभोजमा सहभागी भई संगति गर्नुपर्दछ ।

८.) **परमेश्वरसँग हामीलाई नजिक ल्याउँछ (एफिसी २:१३):** एउटा यस्तो समय थियो, मानिस अनाज्ञाकारी भई परमेश्वरबाट टाढा गए (रोमी ११:३०), यद्यपि, खीष्टको रगतबाट मानिस परमेश्वरसँग निकट भए । खीष्टको रगतले हाम्रो हृदयलाई परिवर्तन गर्छ र परमेश्वरमा खिच्छ ।

९.) **महापवित्र स्थानमा प्रवेशद्वार (हब्रू १०:१९):** महापवित्र स्थान भनेको मोशाले बनाएको पाल मध्ये एउटा ठाउँ थियो, जहाँ करारको सन्दुक थियो, जसले परमेश्वरको उपस्थितीलाई जनाउछ; यद्यपि अहिले भने, खीष्टको रगतबाट हामी महा पवित्रस्थानमा नजिकत्राट प्रभुलाई चिन्न र उहाँमा आनन्दित हुन प्रवेश गरेका छौं ।

१०.) **हामीलाई पवित्र बनाउदछ (हिब्रू १०:१०):** विश्वासीको जीवनमा खीष्टको रगतले पवित्र पार्छ र पुनः नयाँ बनाउँछ, त्यसैले हामीले यसलाई खिलाचीको रुपमा लिनु हुन्न र यसलाई हलुका प्रकारले पनि लिनुहुन्न, किनकी अपवित्र बनाउनेलाई चाहिँ परमेश्वरले दण्ड दिनुहुनेछ (हिब्रू १०:२९)।

११.) **उहाँले शान्ति ल्याउनुहुन्छ (कलस्सी १:२०):** प्रभुले विश्वासीको जीवनमा उहाँको रगतबाट शान्ति ल्याउनुहुन्छ, पितासँग मिलाप गर्ने उद्देश्यको कारण उहाँ पवित्र, दागरहित र निर्दोष हुनुहुन्छ (कलस्सी १:२२)।

१२.) **हामीलाई स्वस्थ बनाउँछ (हिब्रू १३:२०-२१):** ''स्वस्थ'' अर्थ ग्रिक शब्द कटार्टिजो (KATARTIZO) बाट अनुवाद गरिएको छ जसको अर्थ, स्वस्थ हुनु, सुसज्जित हुनु र तयारी हुनु हो । खीष्टको रगतले विश्वासीलाई उहाँको इच्छामा स्वस्थ हुन, र उहाँमा बढ्न र स्थिापित हुन कति पक्षहरु हटाउनुहुन्छ र जोड्नुहुन्छ ।

१३.) **यो नयाँ करारको चिन्ह हो (हिब्रू ८:८-१३):** परमेश्वरले पहिलेको भन्दा झन् असल नयाँ करारको प्रतिज्ञा स्थापना गर्नुभयो । येशू नयाँ करारको मध्यस्तकर्ता हुनुहुन्छ (हिब्रू १२:२४) जसको रगत र बलिदानको छाप नै

एकचोटी र सदाको निम्ति भरपूर छ, जहाँ हामी सहभागीहरु हौ र सम्पूर्ण उहाँमा आउने सबै आशिषहरुको उत्तराधिकारीहरु हौँ ।

**१४.) उहाँले हामीलाई जीवन दिनुहुन्छ (यूहन्ना ६:५३):** जब उहाँको शरीर र रगतमा भाग लिन्छौं, हामीले जीवन पाउछौं । ‘‘जीवन’’ भनिने शब्द ग्रिक शब्द ‘‘जोई‘‘ (ZOE) शब्दबाट अनुवाद गरिएको हो, जसको अर्थ, परमेश्वरसँग भएको जीवन हो, जुन पिता आफैँमा छ र जुन उहाँले अवतारित पुत्रलाई दिनुभयो सो जीवन उहाँ आफैँमा थियो र संसारमा जन्मनुभयो (strong G2222)। यो अनन्त जीवन विश्वासीको वर्तमान र वास्तविक सम्पत्ति खीष्टसँगको सम्बन्ध हो (यूहन्ना ५:२४; १ यूहन्ना ३:१४), जुन एक दिन शरीरमा फैलिनेछ र खीष्टको पुनरुत्थानद्धारा ग्यारेन्टि भएको छ (२ कोरिन्थी ५:४; २ तिमोथी १:१०)।

**१५.) यसले नकरात्मक पैतृक अधिकारहरुलाई हटाउछ (१ पत्रुस १:१८–१९):** खीष्टको रगतद्धारा हामीले आमा बुवाबाट वंशानुगत जीवनको व्यर्थ मार्गबाट छुटकारा पाएका छौं भनी यो खण्डले भन्दछ, अर्थात् येशूको बलिदानले हामीलाई स्वतन्त्र बनाउँछ । विश्वासी पारिवारीक श्रापको उत्तराधिकारीबाट परमेश्वरको पुत्रको आशिषित उत्तराधिकारीमा परिवर्तन भएको छ । खीष्टको रगतले जीवनको नयाँपनमा हिँड्नको लागि दुष्टको कुनै पनि पुस्ताको बन्धनलाई काट्दछ ।

यहि फाइदाहरुबाट परमेश्वरको महान प्रेमलाई बुभ्न सकिन्छ (यूहन्ना ३:१६), किनकी खीष्टले सबैकुराहरु मेलमिलापमा ‘‘जो स्वर्गमा र पृथ्वीमा हुनेहरुको बिचमा’’ राख्न आउनुभयो (एफिसी ३:१०–११; कलस्सी १:२०; हिब्रु ९:२३–२४)। हामीले यो जान्नुपर्छ कि, खीष्टको रगत मुक्तिको लागि बगाइयो र उहाँको रगत शुद्ध गर्न र सिद्ध नभएसम्म सिद्ध पार्न छर्कियो ।

# क्षेत्र (THE COVERAGE)

*मत्ति २२:९–१४*

*यसकारण तिमीहरु सडकहरुमा जाओ, र जतिलाई भेट्टाउँछौ तिनीहरुलाई विवाह भोजमा निम्तो देओ । १० ''तब ती नोकरहरुले सडकहरुमा गएर भेट्टाएका सबैलाई, दुष्ट र असल दुवैलाई, जम्मा गरे, र विवाह घर पाहुनाहरुले भरियो । ११ तर जब राजा पाहुनाहरुलाई हेर्न भनी भित्र आए, तब तिनले विवाहको पोशाक नलगाएको एक जना मानिसलाई देखे । १२ तिनले त्यसलाई सोधे, मित्र, विवाहको पोशाक नपहिरी तपाई कसरी यहाँ भित्र आउनुभयो ? त्यो निरुत्तर भयो । १३ तब राजाले सेवकहरुलाई भने, त्यसका हात खुट्टा बाँधेर त्यसलाई बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरु रुनेछन् र दाह्रा किट्नेछन् । १४ किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन् ।''*

परिचयः क्षेत्रको कुरा गर्नु भनेको अधिकारको कुरा गर्नु हो, ओगट्नु हो, सुरक्षा, अधिनता र प्रेमिसँग विवाहको लागि तयार हुने पोशाक हो । अधिकारको कुरा गर्नु पर्दा येशूद्धारा प्रत्यायोजित पाँचवटा प्राथमिक सेवकाइहरुमा प्रसंग गरिएको छ जुन कुरा शिर ढाक्ने, लुगा लगाउने र चर्चको सुरक्षा गर्ने बारे रहेको छ (१ कोरिन्थी ११:३)। हित्तोपदेशको पुस्तक ३१:२१ मा एक सदगुणी स्त्रीले उनको शिर दुईवटा कपडाले छोपेको देखाउँछ, यो महिला ख्रीष्टको दुलहीको व्यक्तित्व हो जसले पाष्टरल र प्रेरितीय क्षेत्र लिएको छ (२ कोरिन्थी ११:२)।

मत्ति २२:११–१३ मा, बाइवलले एउटा मानिसको बारे बताउँदछ जो विवाहमा लगाइने पोशाक नलगाइकन त्यो मानिस भित्र पस्तछ र नोकरहरुले उसलाई निकाल्नु परेको थियो (उनीहरुलाई थाहा थियो कि (जो ढाकिएको थियो) यो दृष्टान्तलाई बुझ्न अघि सबैभन्दा पहिला यहुदी सभ्यतालाई जान्नु आवश्यक छ : विवाहको समयमा बिहे गर्नेहरुले अरुभन्दा बेग्लै विशेष कपडा लगाउने गर्दथे, तर ढोकामा (जो ख्रीष्ट हुनुहुन्छ) नोकरहरु (सेवकहरु) पोसाकमा थिए जहाँ सबैजना पाहुनाहरुलाई सो पोसाक दिइएको थियो र आमन्त्रित भएकाहरुलाई यहि नै एउटा पदक/पुरस्कार थियो र जसरी पोसाकमा नआएका एक मानिस निकालिएका थिए, त्यसरी नै सबैजना भोजबाट निकालिनेछ, किनकी यो प्रवेश गर्ने ढोकामा यसको लेखा मागिएको भने होइन तर अन्तमा अधर्मको दण्ड सबैलाई दिइनेछ जसले तयारीको कपडा लगाएनन् ।

**१.) क्षेत्र अन्तर्गत हुनुका फाइदाहरु :**

क.) प्रशस्तमा जीवन : हामी आफैलाई अधिनमा राख्यौं र क्षेत्र अन्तर्गत आज्ञा पालन गर्‍यौं भने ( उत्पत्ति २७: १५-१६), कुनै पनि समयको र पृथ्वीमा हुने न्यायको डर मान्नुपर्दैन, किनकी, हामी दुई पटक ढाकिएका छौं (हित्तोपदेश ३१:२१)।

ख.) निर्देशन, सुरक्षा र तयारी : परमेश्वरको योजनमा आत्माका सेवकहरुको हेरचाह (एफिसी ४:१२)।

ग.) अभिषेक, आनन्द, प्रकाश र आत्मिकी भोजन : यसको आवश्यक हामीलाई पर्दैन किनभने यो कभरेज मार्फत ढाकिएको छ जुन परमेश्वरले आफ्ना मानिसहरुलाई दिनुभएको छ (भजनसंग्रह १३३:१-३; एफिसी १:१७; भजनसंग्रह २३:२)।

घ.) अनुशासन र सुधार : ताकि पवित्रताको मार्गबाट विचल्लित नभएको होस् (भजनसंग्रह २३:४; १ कोरिन्थी ३:१-३; गलाती ३:१-३)।

ङ.) ख्रीष्टको दास्रो आगमन (PAROUSIA)को लागि तयारी हुनुहोस : जसरी रिबेकालाई उसको दाईले शुद्ध कन्या कुमारीको रुपमा प्रस्तुत गरेका थिए (उत्पत्ति २४:६४-६६; २ कोरिन्थी ११:२)।

**२.) क्षेत्र (कभरेज) अन्तर्गत हुने फाइदाहरु :**

क.) सेवकहरुको अधिनमा अनुशासन : यो कार्य, परमेश्वर र सेवकहरुप्रतिको प्रेमको कारणले गरिन्छ, र खीष्टको शरीरभित्र नेतृत्व गर्नका लागि पठाउने प्रतिनिधिमण्डलहरुका लागि पनि गरिन्छ (एल्डरहरु, डिकनहरु, सेवकहरु, प्रेरित ६:३-४; फिलिप्पी १:१; रोमी १३:१; गन्ती ११:१६-१७)।

ख.) दशांश दिनुहोस र काममा प्रस्तावित हुनुहोस् : जसरी अब्राहमले मल्कीसेदकको अधिकारलाई चिने र उसलाई सबै कुराको दशांश पनि दिए (हिब्रु ६:१-२; ४-५)। यसो गर्दा हामीले हाम्रो क्षेत्रभित्र ( कभरेजको) फाइदाहरु प्राप्त गर्न सक्छौं । (मलाकि ३:१०-१२; १ कोरिन्थी ९:७-११)।

ग.) सेवकाइमा सेवा गर्ने प्रतिबद्धता : सेवकलाई दिनुभएको दर्शन अनुसार प्रेमसंगतले प्रभुको लागि काम गर्दै जानुपर्छ (प्रेरित ६:१-३; १ तिमोथी ३:१-६; २ तिमोथी २:२०-२१)।

क्षेत्र (कभरेज) लाई पहिचान गर्ने केहि पात्रका उदाहरणहरु :

१.) उत्पत्ति ३:२१ आदम र हव्वा (मेलमिलाप), उनीहरुले पाप गरेपछि, परमेश्वरले छालाका लुगा बनाई तिनीहरुलाई ढाक्नुभयो, यो चाहिँ भेडाको छालाबाट उहाँ र मानिसको मिलापको निम्ति गरिएको चिन्ह थियो ।

२.) जकरिया ३:३-५ यहोशू (दोष मुक्त) हामीले प्रधान पुजहारी यहोशू (हाम्रो प्रभु येशू खीष्टको चित्र) ले फोहोर लुगा लगाएका देख्नसक्छौं तर त्यसपछि मानिसहरुले यसलाई सफा लुगा लगाइदिएका थिए । यहि लुगा नै हाम्रो लागि पनि दोषमुक्ति हो ।

३.) एस्तर २:१२ र एस्तर १७ (शुद्धिकरण र विवाह): एस्तर आफ्नो वस्त्र लगाई तयार हुन्छिन् र यो विवाहको तयारीको चरणमा राजालाई उनले हेर्दिनन् जहाँ उनले संघर्ष गर्नुपर्थ्यो र विवाहको लागि राजाको बोलावट नआएसम्म सत्यताको निष्ठा र पवित्रता देखाउनुपर्दथ्यो । एस्तरले वशतीको लुगा पाउछिन् र उनको निष्ठाको कारण राजाले उनलाई विवाह गर्न चुने, तर विवाह गर्नको लागि ६ महिनासम्म मुर्रको तेल दलिन् (दुःख, संघर्ष) र ६ महिना, अत्तर र श्रृङ्गारका वस्तुहरुले श्रृङ्गारिएका थिइन् (सम्पन्नता, झरी)। यस घटनाले खीष्टको दोस्रो आगमन (पराउसिया) भन्दा अघि दुलहिलाई के हुनु पर्दछ भनी संकेत गर्दछ ।

४.) उत्पत्ति २७:१५–१६ याकूब (आशिष): याकूबको घाँटी (इच्छा) र उनको हात (कामहरु) लाई बाख्राका पाठाका छालाहरुले ढाकिएको थियो र साथसाथै उनले आफ्नो जेठो दाईको लुगा लगाए र उनका पिता इसहाकले आशिष दिए ।

५.) लूका १५:२२ उडन्त पुत्रको दृष्टान्त (भोजमा भएको रमाहट): उडन्त पुत्रले आफ्नो घरबार सबै छोड्छ र सुँगुरको खोरमा बस्छ, तर जब उसले आफ्नो अवस्थाको महसुस गर्छ तब उ फर्कन्छ र उनलाई सफा पारिन्छ (भोज भनेको एउटा प्रकृया हो) र कमाराहरुले उसलाई भोजमा प्रस्थान गर्न असल वस्त्रहरु लगाइदिन्छ । यसको अर्थ यहि हो कि कभरेज (क्षेत्र) बिना अरु कुनै भोज छैन ।

६.) प्रस्थान २८:४१ हारुन (पुजहारीपद): मोशाले हारुनलाई पुजहारीपदको लागि अभ्यास गराउन यहोवाको सामु लुगा पहिराए तर उनको अन्तको समयमा, आफ्नो गल्ति स्विकार नगरेको कारण ती वस्त्र सबैको सामु खोसिएको थियो ।

७.) उत्पत्ति ३७:३ योसेफ (मिशनको तयारी): याकूबले योसेफलाई रङ्गले भरिएको लबेदा लगाइदिएका थिए, जुन उनको दाजुभाईहरुले उनलाई बेच्नको लागि तयारी गरेका थिए । परमेश्वरले उसलाई मानिसहरुको जीवन बचाउन प्रयोग गर्नुहुनेछ ।

परमेश्वरले शरणस्थानमा शहरहरु दिनुभएको छ; यो भनेको वरदानहरु हो, जो मण्डलीलाई दिनुभएको छ, त्यसकारण हामी उहाँ प्रति कृतज्ञ हुनुपर्छ र उहाँले दिनुभएको क्षेत्र अन्तर्गत सबै उहाँका फाइदाहरु प्राप्त गर्न हामीलाई दिनुभएको छ र प्रिय येशू ख्रीष्टसँग भेट गर्न तयारी पार्नुभएको छ (२ कोरिन्थी ११:२)।

# आत्माको फल (THE FRUIT OF THE SPIRIT)

*गलाती ५:२२–२३*

*तर पवित्र आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन ।*

**परिचय :** एउटा निश्चित समयमा, प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरुलाई झूटा अगमवक्ताहरु सामना गर्ने विषयमा सिकाउदै हुनुहुन्थ्यो र यकिनन् यी कुराहरुलाई जान्न फहरुको महत्व बारे जोड दिनुभयो र भन्नुभयो कि, यी झूटा अगमवक्ताहरु भेडा भेषमा आउँछन्, तर भित्र तिनीहरु ब्वाँसा जस्ता हुन्छन् (मत्ति ७:१५–१६)। तर चाखलाग्दा कुराहरु के छन् भने, परमेश्वरले फललाई भित्री भागसँग जोड्नुभएको छ । यसले यो कुरा सुचित गर्छ कि फलहरुले ठ्याक्कै मानिसको भित्री रुपलाई प्रकट गर्दछ, जुन चाहिँ चरित्र हो । यसैगरी, जब प्रभुले फरिसीहरुको सामना गर्नुभयो, उहाँले उनीहरुलाई बाहिरको रुप नभई उहाँको भित्री रुपलाई हेर्न लगाउनुभयो -मत्ति २३:२५–२८)।

"फल" भनिने शब्द कर्पोस् (KARPOS) (स्ट्रोङ जि २५९०) भनिने ग्रिक शब्दबाट आएको हो, जसको अर्थ निकालिएको/टिपेको फल हो, शाब्दिक वा आदर्श रुपमा यसको अर्थ भने : फाइदामा हुने परिणाम, सन्तान, फल रहेको छ । यो ग्रिक शब्द जरपाजोमा (JARPAZO) आधारित छ जुन च्याप्चरसँग चाखलाग्दो तरिकाले सम्बन्धित छ (१ थेसलोनिकी ४:१७), । यसले हामीलाई यो सिकाउदछ कि, उठाइलागिनेहरु चाहिँ ति हुन् जसले फल निकाले र परमेश्वरको पहिलो फलहरु पनि हो । भाइन शब्दकोश अनुसार फल भनेको देखिने शक्तिको अभिव्यक्ति हो जो भित्री र अदृश्य रुपमा काम गर्दछ, फलको चरित्र शक्तिको चरित्रमा प्रमाणित भई उत्पादन गर्ने शक्ति हो । तसर्थ हामीले कस्तो कुरामा परमेश्वरको पवित्र आत्माले भरिएको जीवनमा देखिने प्रमाण (फलहरु) देख्न सक्छौं भनेर हेर्नेछौं ।

**१.) प्रेम (जि २६ अगापे):** हाम्रो सम्पूर्ण तनमनले प्रभुलाई प्रेम गर्ने आज्ञा पूरा गर्न आवश्यक छ (लूका १०:२७) र हामी अब परमेश्वरको सन्तान भएकोले हामीले प्रेम गर्न सक्छौं, किनकी उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो (१ यूहन्ना ४:१९); प्रेमको फल (अगापे), यकिनन् परमेश्वरले गर्नुहुने प्रेमको तरिकालाई नक्कल गर्नु हो । यो प्रेम मानवीय समझ भन्दा उत्कृष्ट छ । यो भनेको परमेश्वरले गर्नुभएको व्यवहार सरह अरुलाई पनि गर्नु हो । यो प्रेम परिवार, जीवनसाथी वा बच्चाहरुलाई गरिने प्रेम होइन, तर यो प्रेम भनेको प्रेम नपाएकाहरुलाई प्रेम गर्नु हो, जुन हामी गर्न चाहदैनौं । मत्ति ५:४३-४८ मा हामीले प्रेमको फलको (अगापे) क्षमता देख्न सक्छौं, जसले हामीलाई हाम्रा शत्रुहरुलाई प्रेम गर्ने स्तरमा लैजान्छ । यद्यपि यसले परमेश्वरको विशेषतालाई देखाउदछ जसले धर्मी र अन्यायीहरुमाथि गराउनुहुने वर्षालाई देखाउदछ । अगापे भनेको हाम्रो इच्छा शक्तिभन्दा पनि माथि जाने प्रेम हो, जुन प्रभुले गर्नुभए जस्तै प्रेममा आउनु हो ।

**२.) आनन्द/हर्ष (जि ५४७९ जारा):** यो शब्द ग्रिक जारा (JARA) शब्दबाट आएको हो । जसको अर्थ आनन्द, प्रसन्न, हर्ष, खुशी, सुख, अत्यन्त, आनन्दले भरिनु हो र जाइरो (JAIRO) शब्द भनेको आनन्द, खुशी रहनु हो (स्ट्रोङ ५४६३)। प्रभुको आनन्द हाम्रो बल हो भनी वचनले घोषणा गर्दछ, किनकी जीवनको केहि पलहरु हामीले प्रतिकूल परिस्थितिहरुको सामना गर्नुपर्ने हुन्छ । जस्तै : धोका, निराशापन, रोग, असफलता, आर्थिक संकट र विभिन्न प्रकारका संघर्षहरु (१ पत्रुस १:६)। आनन्दित फलले यहि प्रतिकूल परिस्थितिहरुको सामना गर्दा पनि, हामीले आनन्द, खुशी र हर्षलाई नगुमाइ सबै परिस्थितिहरु पार गर्न सहज गराउँछ, किनकी बाहिरीपनले हाम्रो हृदयको अवस्थालाई निर्धारण गर्दैन ।

यो फल हाम्रो जीवनको लागि धेरै महत्वपूर्ण छ, यस कारणले गर्दा प्रभु येशूलाई सोहि आनन्द दिइएको थियो भन्ने बारे बाइबलले बताउँदछ ताकि उहाँ क्रूसको सामुन्ने जान सकुन् र सहन सकून् भनेर हो (हिब्रू १२:२), यो मानिसको दिमागको लागि अप्राकृतिक/बुझ्न नसक्ने कुरा हुन सक्छ तर प्रतिकूलताको माध्यमले हामीलाई

आनन्द र अरुलाई बलियो बनाउन सकिन्छ । यसको उदाहरण प्रेरितीय पावलमा पनि अवलोकन गर्न सकिन्छ, जो आफ्नो कैदको बावजूद पनि आनन्दित थिए र भाईहरुलाई हर्षित हुन निम्तो गरे । यस आनन्दबाट हुने प्रभावका उदाहरणहरु यस प्रकारका छन् : शत्रुहरुको बिचमा पनि आनन्दित हुनु (२ इतिहास २०:२७), दुखी हुनु सट्टा (यूहन्ना ४:२०), रुनुको सट्टा (यर्मिया ३१:१३), शोक गर्नुको सट्टा (यशैया ६१:३), संकष्टको समयमा (२ कोरिन्थी ७:४), परिक्षाहरुमा (२ कोरिन्थी ८:२), सेवकाइको कष्टमा (कलस्सी १:२४) र सुसमाचारका कष्टमा (प्रेरित ५:४०-४२)।

**३.) शान्ति (जि १५१५ इरिन (EIRENE):** यो फलको अर्थ चाहिँ : शान्ति, एकता, धिरज हुनु हो, केहि सन्दर्भहरुमा यसलाई पुरानो करार अन्तर्गत शालोम भनिन्छ, जुन कल्याण गर्नु, स्वस्थ हुनु, चिन्तामुक्त हुनु हो (श्वान्सन शब्दकोश)। प्रभुको इच्छा नै हामीले व्यापक रुपमा समृद्धि हासिल गरुन् भन्ने हो । तर यसको लागि हाम्रो जीवनमा शान्ति पाउनु आवश्यक छ, ताकि हाम्रो विचारहरु र भावनाहरु सबै एकैनास हुन सकून् । एक मध्यस्थको कार्यहरु पूरा गर्नलाई शान्ति आउँदछ, जसले हाम्रा कार्यहरुलाई नियन्त्रण र अनुमोदन गर्दछ, हामीलाइ महत्वपूर्ण निर्णयहरु गर्न, हाम्रा विचारहरु मिलाउन मार्गदर्शन गर्दछ । यसको मतलब, हामीलाई समस्या आउँदैन भन्न खोजेको होइन, तर समस्याहरुको बिचमा पनि हामीले शान्ति पाउन सक्छौँ भन्ने कुरा हो (क्रमबद्ध विचारहरु, चिन्तामुक्त दिमाग) र त्यहि शान्तिले हाम्रो दिमाग र हृदयलाई रक्षा गर्नुहुनेछ (फिलिप्पी ४:६-७)।

यस समयको एउटा रोग भनेको तनाव हो, जुन पिडासँग हातमा हात मिलाई अघि जान्छ, यसले मनोवैज्ञानिक (psychosomatics) रोगहरु निम्त्याउँछ, जुन मानिसहरुको प्राणमा उत्पन्न हुन्छ, यसकारण वचनले हामीलाई शान्तिको पछि लाग्नुपर्छ भनी बताउँछ (हिब्रू १२:१८), शान्तिले हामीलाई पवित्रताको लागि तयारी गर्छ, यस बिना कसैले प्रभुलाई देख्नेछैन र समयसँगै पवित्रताले हामीले दोषरहित/निर्दोष बनाउँछ । जब उहाँ आउनुहुन्छ, उहाँले हामीमा फलदायी शान्ति अवस्थामा पाउनुहुनेछ (२ पत्रुस ३:१४)।

४.) **धैर्य (जि ३११५ माक्रोद्सुमिया (MAKRODSUMIA):** धैर्य भनिने शब्द माक्रोद्सुमिया शब्दबाट अनुवादित शब्द हो, जसको अर्थ : प्रतिरोध, स्थिरता, धिरज र सहिष्णुता हो । यो शब्दले संयम र सहने शक्तिलाई जनाउँछ । बारक्ले शब्दकोशले यसरी परिभाषित गरेको छ : सुस्त आत्माले कहिल्यै फल दिँदैन, यो त्यहि धैर्य र विश्वास हो जसले प्रतिज्ञा प्राप्त गर्दछ (हिब्रू ६:१२)।

यो फल भनेको धैर्य गर्नको लागि मात्र होइन तर कठिनाइमा पनि प्रभुलाई पछ्याउन सक्ने गुण हो, यो कहिल्यै पनि हार नमान्ने खालको क्षमता हो, र जीवनमा जस्तो सुकै परिस्थिती आए पनि कहिल्यै पछि नहट्नु हो, जुन चरित्रमा बनेको हुन्छ । वचनले यो भन्दछ कि हामी विनाशतिर फर्कनेहरु मध्ये होइनौँ (हिब्रू १०:३७-३९), तर हामी धैर्यताका साथ प्रभुको आगमनको प्रतिज्ञा गर्नेहरु हौँ (याकूब ५:७)।

**५.) दया (जि ५५४४ जेरेस्टोट्स् (JRESTOTES):** जेरेस्टोट्स् ग्रिक शब्दको अर्थ : नैतिक आचरण, दया, नम्रता, वीरता र निष्ठाको अर्थमा उत्कृष्टता हो । तर अझै जेरेस्टोट्स् शब्दको अर्थ भने सुधार गर्नु, पूर्ण दयालु, सरलताको साथ दयालुपनको संकेत गर्न प्रयोग गरिन्छ (स्ट्रोङ ५५४३)। बाईवलका केहि संस्करणहरुलाई ध्यानमा राख्दै, कृपालाई यसरी अनुवाद गरेका छन् : दया (पिलग्रिम बाईवल), समझ (कास्टिलियन बाईवल), मिलनसार (यरुशलेम बाईवल १९७६, ड्रेइ (DRAE): मिलनसार (विशेषण), मनोहर, मिठास, कुराकानीमा नम्रता ।)

हामीले दया भनेको पक्ष तब बुझ्छौं जब विश्वासीको जीवनमा प्रकट हुन्छ र जब उसको जीवनको आचरण, बाह्य दया, नम्रता, मिलनसार भई बुझ्ने, परमेश्वरको जनहरुप्रति हृदयको सरलताकासाथ (एफिसी ४:३२) बढ्नु र अविश्वासीहरुसँग पनि यहि स्वभाव देखाइ प्रस्तुत गर्नु हो । (२ तिमोथी २:२४)।

यहि गुण भएका व्यक्तिले आक्रमक रुपमा काम गर्दैन (तितस ३:२)। दयाले, कुमालेको हातमा भएको माटो जस्तै गरी प्रभुद्धारा ढालिएको दयालुपनलाई जनाउँछ (यर्मिया १८:१-६)। यसको तस्विर केवल पवित्र आत्माद्धारा मात्रै दिन सकिन्छ, प्रभुले हामीलाई उहाँको उतकृष्ट उदाहरण दिनुहुन्छ किनभने उहाँ दुष्ट र कृतघ्न व्यक्तिहरु प्रति पनि दयालु हुनुहुन्छ ( लूका ६:३५, रोमी २:४), यहि कारणले उहाँले आफ्नो पुत्र हाम्रो सट्टा क्रूसमा मर्नलाई पठाउनुभयो । दयालाई अनुग्रह, कोमलता र करुणाको सन्दर्भमा व्यक्त गरिएको छ । दयाको उदाहरणहरु हामी हेर्नेछौं :

थेसलोनिकामा प्रेरित पावल (१ थेसलोनिकी २:७-८): पावलले थेसलोनिकीहरुलाई यो बताउँछन् कि उनी तिनीहरुसँग कोमल थिए, बालकहरुलाई कोमलताको साथ स्याहार्ने धाइ आमा झैं आफूलाई उनले तुलना गरेका थिए, ताकि तिनीहरुलाई केहि नहोस् र त्यहि दया अनुसार परमेश्वरका योग्य सन्तानहरु भई व्यवहार गर्न सिकाउनुभयो ।

> ६.) **दया (जि १९ अगाडसोसुन AGADSOSUNE):** ग्रिक शब्द अगाडसोसुन भनेको : उपयोगी, उत्कृष्टता र हृदयको इमानदारी र उपकारको व्यवहार हो (स्ट्रोङ जि १९), जुन आगाथोस् (AGATHOS) शब्दबाट आएको हो, जसको अर्थ सहायता र असल कुरा हो (स्ट्रोङ जि १८)। दया भनेको कुनै कपटबिना, वा घमण्ड बिना र चासो बिना साँचो हृदयदेखी अरु मानिसलाई गरिने सहायता हो; यहि सहायता प्रार्थनाद्धारा हुन सक्छ, जसरी प्रेरित पावलले सोधेका थिए (रोमी १५:३०)।

यसले खाँचोमा परेकाहरुको (प्रेरित २०:३५) लागि गरिने उपकारको व्यवहारलाई जनाउँदछ, उनीहरुको प्रावधानको आधार दिनु पनि हो । नयाँ गरि जन्मने मानिसहरुको लागि विशेषता दयालुपनको आधारमा हुन जरुरी छ, पावलले रोममा भएका भाईहरुलाई उनीहरुको दयालुपनका बारे लेखेका थिए र एक अर्कालाई सल्लाह दिन सक्षम थिए (रोमी १५:१४), दया एक दृढ गुण हो । यसले अरुलाई राम्रोपन र कोमलताको साथ मात्रै नभई निन्दनीय कामको चेतावनी पनि हो ।

**कोरिन्थीहरुसँग पावल (१ कोरिन्थी ५:२, २ कोरिन्थी २:१-८):** पावलले कोरिन्थीका भाईहरुलाई मण्डलीमा भएको अनैतिकताको विषयमा कडा चेतावनी दिन्छन्, तर दोस्रो पत्रमा उनीहरुलाई सो कुरा दुःखी भएर र पिडाको साथ हितकारी प्रतिक्रिया प्राप्त गर्ने आशामा थाहा दिए । प्रेरित पावलको यो व्यवहार दयाको रुपमा चित्रण गरिएको छ ।

**पावलले पत्रुसलाई हप्काए (गलाती २:११):** एन्टिओकको मण्डलीमा पत्रुसले अन्यजातिबाट भोजन नगरी आफूलाई अलग राखे, किनकी यहूदीहरुको आलोचनादेखि डराउथे र सोहि व्यवहारमा वर्णबासलाई पनि ताने, जसको लागि पावलले दयाको उपयोग गर्दै पत्रुसलाई हप्काए, किनकी यहुदी र अन्यजातिहरु परमेश्वरद्धारा धर्मी ठहरिएका थिए र त्यहाँ अब कुनै भिन्नता हुनुहुदैन थियो (रोमी १०:१२)।

हामीले पवित्र आत्माका फलहरुको एउटा अंश मात्र देखेका छौं । यी फलहरुले पवित्र आत्माले भरिएको जीवनलाई प्रकट गर्न जरुरी छ, यी फलहरु परिणाम, प्रतिबिम्ब र उक्त पूर्णताको प्रमाण हो भनी बुझ्नुपर्छ । हामीले यो पनि बुझ्नुपर्दछ कि हाम्रो आत्मिक जीवनको लागि पवित्र आत्माको खोजीमा निरन्तर काम गर्न महत्वपूर्ण छ, किनकी फलबिना हामी सुसमाचारको जीवन पूर्ण रुपमा जिउन सक्दैनौं । हामीसँग अरुलाई आशिष दिने र सुधार गर्ने वरदानहरु हुनसक्छ, तर फलहरु बिना हामी फाइदारहित हुन्छौं, तर प्रभुको इच्छा भनेको हामीले धेरै फलहरु फलाउनु हो (यूहन्ना १५:८; यूहन्ना १५:१६)।

# आत्माको फल #२ (THE FRUIT OF THE SPIRIT #2)

*गलाती ५:२२–२३*

*तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन ।*

**परिचय :** परम्परागत रुपमा, ९ वटा फलहरुको बारे गलाती ५:२२ मा वर्णन गरिएको छ, तर तीन वटा थप फलहरु छन् भनी ध्यान दिन र शब्दलाई ध्यानमा राख्न आवश्यक छ, जसले हामीलाई बाह्र फलहरु बुझ्न लगाउछ ।

**बिकास :** नयाँ करार ग्रिक भाषामा लेखिएको थियो, कुनै स्पेनिश वा अङ्ग्रेजीमा होइन । जब हामी यसको बारे थोरै अनुसन्धान गर्छौं, हामीले एफिसी ५:९ मा पवित्र आत्माको थप दुई फलहरुको बारे पाउन सक्छौं र यो पदको केहि अनुवादहरु हेर्नेछौं :

क.) एफिसी ५:९ किनकी, ज्योतिको फलमा भलाइ, न्याय र सत्यता समावेश हुन्छ ।

ख.) एफिसी ५:९ किनकी, उहाँको आत्माले हामीलाई भलाई, न्याय र सत्यताका साथ काम गर्न लगाउँछ ।

ग.) एफिसी ५:९ किनकी, आत्माको फल सबै भलाई र धार्मिकता र सत्यतामा हुन्छ ।

घ.) एफिसी ५:९ किनकी, आत्माको फल सबै भलाई, न्याय र सतयतामा हुन्छ ।

ङ.) एफिसी ५:९ किनभने जि १०६३ द जि ३५८८ फल जि २५९० (कारपोस्) (KARPOS) को G3588 आत्मा जि ४१५ । जि १७२२ सबै जि ३९५६ भलाई, जि १९ जि २५३२ न्याय जि १३४३ र जि २५३२ सत्य), जि २२५

मूल ग्रिकमा, यसले ज्योतिको फल भन्दैन तर आत्माको फल भन्दछ । यहि पदमा दुईवटा फलहरु थपिएको छ : न्याय र सत्यता । हिब्रू १३:१५ मा हामीले एक फल देख्न सक्छौं जो : ओठको फल हो जसले उहाँको नाउँ स्वीकार गर्दछ । यहि पदहरुको आधारमा पवित्र आत्माको बाह्र फलहरु थ्पेका छौं, तर जीवनको रुखबाट उत्पादन हुने बाह्र वटा फलको बारे प्रकाशको पुस्तकमा पाउदछौं (प्रकाश २२:२)।

भजनसंग्रह ११९:१६० ले प्रभुको वचन सत्य छ भनी बताउँछ, त्यसकारण हामी गलाती ५:२२ मा नौं वटा फलहरु व्याख्या गरिएका छन् भने एफिसी ५:९ मा थप दुई फलहरु व्याख्या गरिएका छन्, त्यसैगरी हिब्रू १३:१५ मा पनि लेखिएको छ र हामीले भने १२ वटा फलहरु पाउन सक्छौं । यता अचम्म लाग्ने कुरा यो छ कि : पवित्रशास्त्रमा बाह्र नम्बरले हामीलाई परमेश्वरको सरकार बारे बोल्दछ, जुन चाहिँ पवित्र आत्माको सरकार अन्तर्गत पर्दछ र यसले जीवनको रुख जस्तै फल फलाउँदछ जसले चङ्गाई ल्याउछ ।

फल शब्द ग्रिक शब्द कारपोस् (KARPOS) (स्ट्रोङ जि २५९०), बाट आएको हो, जसको अर्थ फल (टिपिएको) हो, शाब्दिक वा औपचारिक अर्थमा : फाइदामा हुने नतिजा, सन्तान, फल हो । यो ग्रिक शब्द जरपाजो (JARPAZO) शब्दमा आधारित छ, जुन उठाइलगिने सँग सम्बन्धित छ (१ थेसलोनिकी ४:१७), उठाइलगिनेहरु त्यो हुन् जसले फल बोक्नेछन् र प्रभुको पहिलो अगौटे फलहरु बन्नेछन् भनी सिकाउदछ । भाइन शब्दकोशले यसरी परिभाषित गर्दछ : फल भनेको देखिने शक्तिको अभिव्यक्ति हो जसले भित्री र बाहिरी रुपमा काम गर्दछ, चरित्रको फललाई फलाउन शक्तिको चरित्रबाट यसलाई प्रमाणित गर्दछ ।

पूरा जीवनमा प्रत्यक्ष देखिने प्रमाणहरु र पवित्र आत्मा परमेश्वर अन्तर्गत पर्ने ६ वटा हेऱ्यौं र बाँकी ६ वटालाई हामी हेर्नेछौं :

१.) **विश्वास (जि ४१०२ पिस्टीस् PISTIS):** विश्वास भनिने शब्द ग्रिक शब्द पिस्टीस् बाट अनुवाद गरिएको हो, जसको अर्थ : दृढ अनुनय, निष्ठामा आधारित विश्वास, आत्मविश्वास, सुरक्षा, विश्वास र सत्यप्रति हुने निष्ठा हो । स्वान्सन् शब्दकोशले विश्वासलाई यसरी व्याख्या गर्दछ : जसमा भरोसा गर्न सकिन्छ, विश्वासको सम्बन्धमा हुने निश्चियताको अवस्था, विश्वास, पूर्ण विश्वासको बिन्दुमा विश्वास, विश्वसनियता, इमान्दारीको आवाज हो। विश्वासद्धारा हामीले भरोसा गऱ्यौं, स्वीकार गऱ्यौं र प्रभुका सामु धर्मी ठहरियौं र यहि विश्वासले हामीलाई बचायो, तर विश्वासले फलको रुपमा हामीलाई परमेश्वरमा मात्र विश्वास गर्न भनिएको होइन, यो कुरामा मात्र नभई हामीले विश्वास अनुसार गर्ने कार्यको तरिकामा निष्ठाले हामीलाई विश्वासयोग्य बनाउँछ । यो तब हुन्छ, जब हाम्रो आत्माले अरुलाई हाम्रो व्यवहार र हाम्रो जीवनमा भएको परमेश्वरको कामले अरुलाई विश्वास गर्न लगाउँछ ।

यूहन्ना २:२३–२४ मा, धेरैले चिन्हहरु देखेर येशूमा विश्वास गरे तर येशूले तिनीहरुलाई विश्वास गर्नुभएन, उनीहरु विश्वासीहरु भए ता पनि विश्वासयोग्य भने थिएनन् । जब प्रेरतीय पावलले तिमोथीलाई निर्देशन दिँदा आफूले सिकेका कुराहरुमा विश्वासका साथ इमान्दारी, विश्वासयोग्य भइ, अर्को शब्दमा भन्नुपर्दा, जसको जीवनमा विश्वासको फल छ, उसले अरुलाई सिकाउन विश्वासयोग्य हुन्छ (२ तिमोथी २:२)

२.) **नम्रता (जि ४२३६ पिराओट्स् PRAOTES):** यो शब्दको अर्थ : विनम्रता र दिनता हो । नम्रता भनेको त्यो फल हो जसले आत्मालाई परमेश्वरको व्यवहारलाई स्वीकार गर्न दिन्छ, त्यसैले नम्रताका् सबैभन्दा ठूलो उदाहरण हाम्रा प्रभु येशू खीष्ट हुनुहुन्छ (मत्ति ११:२९)। यस शब्दको सुरुवात अन्य ग्रिक शब्दहरुमा (जि ४२३९ प्रस PRAUS) भएको छ, जसमा उनीहरुले यस अर्थको बारेमा अलि बढि व्याख्या गर्छन्, उदाहरणको लागि, यो चरित्रको सद्गुण हो भनी हामीलाई बताउँछ : यो आत्मासंयमि हुने रहस्य हो, प्रभु येशू खीष्ट जस्तै गलत समयमा कहिल्यै रिसाउदैन, जसले उहाँको नम्र र विनम्रताको घोषणा गर्दछ (मत्ति ११:२९), तर उहाँ मन्दिरभित्र प्रवेश गर्नुभएको र पैसा साट्नेहरुका टेबलहरु पल्टाइदिनुभएको दृश्य हामीले हेर्न सक्छौं (मत्ति २१:१२-१३), नम्रता भनेको आत्मनियन्त्रण/आत्मासंयम हो ।

नम्रता भनेको विनम्र वा साहसको कमी हुनु होइन, न त भावनात्मक रुपमा कोमल हुनु नै हो, र सधैभरी अप्रतिरोधी हुनु पनि होइन, तर यो भनेको विभिन्न परिस्थितीहरुमा उचित प्रतिक्रिया कसरी गर्ने भनेर जान्ने हो, हामी मोशाको जीवनमा यस प्रकारको छायाँ र उदाहरण देख्न सक्छौं (गन्ती १२:३) कि, उनी पृथ्वीमा "सबैभन्दा नम्र" मानिस थिए, तर त्यहि मोशाले निर्णायक रुपमा कार्य गर्दथे र रिसाउनुपर्ने स्थितीमा रिसाउदथे । यस्तो चरित्र कुनै पनि मानिस आफैले प्राप्त गर्न सक्दैन, केवल पवित्र आत्माको भरिपूरिमा मात्रै प्राप्त गर्न सक्छ ।

३.) **संयम (जि १४६६ एन्क्राटेल ENKRATEIAL):** यो ग्रिक शब्द एनक्राटेल (स्ट्रोङ जि १४६६) र (क्राटोस् KRATOS) भनिने शब्दबाट अनुवादित शब्द हो, जसको अर्थ : आत्म-संयम/नियन्त्रण हो, थाएर शब्दकोशले संयमतालाई आत्मा नियन्त्रणको गुणमा परिभाषित गर्दछ जसले आफ्नो इच्छा र जोशको कामूक भोकलाई ( प्रति- इन्द्रियहरुको संवेदनासँग सम्बन्धित छ)। आत्म-संयमि हुनु भनेको एउटा यस्तो फल हो जसले हामीलाई दुर्व्यवहार गर्न, चरम सिमालाई नाग्न, हदभन्दा बाहिर जानलाई अनुमति दिँदैन, विशेषगरी जुन कुरा हामी देख्छौं, सुन्छौं र बोल्छौं, उदाहरणको लागि खानाहरु, यो न त राम्रो छ, न त नराम्रो । तर यो त्यतिबेला खराब हुन्छ जब यसलाई धेरै मात्रामा लिइन्छ र यसले स्वस्थ्यलाई बिगार्छ । यस्तो कामुकताले हाम्रो इन्द्रियहरुसँग बोल्दछ, यस्तो कामुकता यौनमा मात्र नभइ, अरु कुराहरुमा पनि हुने गर्छ । जोश भनेको मानिससँग हुने बलियो इच्छाशक्ति हो । जस्तै : प्राणलाई हामीले बाइवलमा : जवानीका अभिलाषा (२ तिमोथी २:२२), भक्तिहिन वासना (यहुदा १:१८), लाजमर्दो कामुकता (रोमी १:२६), देख्न पाउछौं ।

आत्म संयम जोशको आन्तरिक नियन्त्रक हो, यसले कुन कुरा गर्ने वा कुन नगर्ने भनी देखाउँछ, जसले आफ्नो परिणाममा लाभ दिन्छ । त्यसैकारण पावलले भनेका छन्, सबै कुरा गर्न न्यायसंङ्गत छ, तर सबै कुरा गर्न लाभदायक छैन र सबै कुराले सुधार गर्दैन (१ कोरिन्थी १०:२३), साथै उचितसँग संयमी हुन र पाप गर्न होइन सल्लाह दिएका छन् (१ कोरिन्थी

१५:३,४)। पवलले यसो भनेका छन् : जो कोहिले प्रतिस्पर्धा गर्छ, सबै कुराबाट टाढा बस्छ (संयम, आत्मा-नियन्त्रण): सो व्यक्तिले नष्ट भएर जाने मुकुट पाउन यसो गर्छन् (१ कोरिन्थी ९:२५)। यद्यपि हामीले आत्म संयमता प्रकट गर्नुपर्छ, किनकी हामीले अविनाशी मुकुट पाउनेछौं जुन परमेश्वरले हाम्रो लागि सुरक्षित गर्नुभएको छ । संयम भनेको सन्तुलित भइ आत्माको नियन्त्रण गर्नु हो ।

४.) **न्याय (जि १३४३ डिकाइओसुन् DIKAIOSUNE):** हामीले एफिसी ५:९ मा देखेको न्याय शब्दको अर्थ चरित्र, सिधा कुरा गर्नु वा न्याय हो (भाइन शब्दकोश)। धेरैजना ख्रीष्ट्यानहरुले न्याय न्यायसंङ्गतमा आधारित छ भनेर विश्वास गर्छन्, जुन ख्रीष्टको बलिदान हो र यदि यहि न्यायसंङ्गतमा धर्मि ठहरिदैनौं (निर्दोष बन्दैनौं) भने हामी कोहि पनि हुनेछैनौं (रोमी ५:१–२), यद्यपि हामीले न्यायको पूर्णता नपाउञ्जेलसम्म हामी अगाडि बढ्न जरुरी छ, जुन भित्री मानिसमा पहिले नै न्यायोचित भइसकेको छ । यो भनेको सन्तहरुको न्यायिक कामहरु भएको राम्रो सुतिको कपडामा न्यायको पहिरन लगाउनु हो (प्रकाश १९:८)।

पुत्रको बलिदानद्धारा हामीलाई न्याय दिनुहुने प्रभु हुनुहुन्छ भनी हामीले बुझ्नु आवश्यक छ : न्यायको अभ्यास गर्छौं भने न्याय यसको पूर्णतामा पुग्दछ (मत्ति ३:१५), किनकी प्रभुले यहि माग हामीमा प्रभुले गर्नुहुन्छ (मिका ६:८)। यो भनेको सहि समयमा, सहि काम गर्नु हो, तर मानव विचार नभई, परमेश्वरको विचारमा गर्न जरुरी छ (मत्ति ६:१), फरिसीहरुको आफ्नै न्याय थियो, तर प्रभुले हामीलाई उहाँको राज्यमा प्रवेश गर्न फरिसीहरुको न्यायलाई जित्नै पर्छ भनी माग गर्नुभयो (मत्ति ५:२०)। यस कारणले गर्दा, पावलले पनि स्वयम् आफूलाई आफ्नो धार्मिकतामा भेटाउन चाँहदैनन् (फलिप्पी ३:९)।

पवित्रशास्त्रले यहि नै परमेश्वरअघि हुने न्याय हो भनी सिकाउँछ : टुहुरोको रक्षा गर्नु र विधवाको पक्षमा बोल्नु (यशैया १:१७), गरिबहरुलाई दान गर्नु (भजनसंग्रह ११२:९), गरिबहरुमाथि दया गर्नु (दानियल ४:२७), प्रभुलाई सधैं विश्वास गर्नु (उत्पत्ति १५:६), व्याजमा पैसा नदिनु (व्यवस्था २४:१२-१३), बफादार हुनु (१ शामूयल २६:२३), विपत्ति विरुद्ध खडा हुनु (भजनसंग्रह १०६:३०-३१), परमेश्वरको भय मान्नु र उहाँको आज्ञामा खुशी हुनु (लेवी १९:१५)। न्यायको फलले अरुलाई गरिने व्यवहारमा सहि मनोभाव राख्न लगाउछ, कहिलेकाहिँ तार्किक सोचाइ विरुद्ध पनि यसरी जान्न सक्छ ।

**५.) सत्यता (जि २२५ एलेडसिया ALEDSEIA):** सत्य भनिने शब्द (एफिसी ५:९), ग्रिक शब्द एलडसियाबाट छनौट गरिएको हो जसले सत्य, तथ्य, साँचो भनिने शब्दमा अनुवादित गरिएको छ । सत्यवादी : जसले सधैं सत्य बोल्छ, प्रयोग गर्छ र सत्यताको स्वीकार गर्छ । (ड्राई DRAE) : हामीले यस्तो फलको बारे कुरा गर्दै छौं कि जसले सत्य कुरा मात्र नभई, हामीले बोलेको कुरामा बाँच्न लगाउँछ, हाम्रो कार्यहरु हामीले बोलेर स्वीकार गरिएका कुरासँग मेल खाँदछ । पक्ष पक्षको प्रमाण भनेको कुनै पनि मानिसको आत्माको चरित्रमा इमानदार, दोहोरोपनबिनाको निष्कपट हुनु हो (मत्ति ५:३७), उसले बोल्छ र सत्यतामा काम गर्छ, उसले परिणामको बारे सोच्दैन (भजनसंग्रह १५:१-४, २४:३-४)।

कुनै एउटा निश्चित अवसर पारेर दुई जना मानिस येशूले भन्नुभएको कुरा घोषणा गर्न देखा परे, बाइवलले तिनीहरुलाई झूटा गवाहि भनेर व्याख्या गरेको छ, यद्यपि उनीहरुले केहि कुरा सत्य बोले ता पनि उनीहरुको परिचय र उनीहरुको जीवनशैलीले झूटो पहिचान गरियो । (मत्ति २६:६०-६१), अर्को यस्तै समयमा, पावलले एउटा व्यक्तिको मुखौटो हटाएका थिए जसले सत्य बोलेका थिए तर सत्यतामा चाहिँ बाँचेका थिएनन् (प्रेरित १६:१६-१८)।

यो फलले हामीलाई बाँचन र सत्यताको अभ्यास गर्न मद्दत गर्छ, ताकि हाम्रो मनोवृत्ति हाम्रो शब्दहरुसँग चलोस् ।

६.) उहाँको नाउँ स्वीकार गर्ने ओठहरु (हिब्रू १३:१५): त्यसैले निरन्तरताका साथ उहाँद्धारा प्रशंसाको बलिदान चढाऔं, अर्थात हाम्रो मुखबाट निस्केको फलबाट उहाँको नाउँलाई स्वीकारौं । ओठ भनिने शब्द ग्रिक शब्द जेइलोस् (JEILOS) हो, जसले बोलिने वर्गको अंगलाई जनाउँछ (मत्ति १५:८, ‘‘यस जातिले मलाई ओठले

मात्र आदर गर्छ, तर तिनीहरुको हृदय मबाट टाढा छ ।'') (मर्कूस ७:६, तब उहाँले तिनीहरुलाई भन्नुभयो, ''यशैयाले तिमी कपटीहरुका विषयमा ठिकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरुको हृदय म देखी टाढा छ ।'') र विशेष गरि परमेश्वरलाई आदर गर्ने कुरालाई जनाउँछ ।

बाइवलले ओठको फलबाट गरिएको प्रशंसालाई स्वीकार गरिने नाउँसँग तुलना गरेको छ, हामीले याद गर्नुपर्छ कि यो चाहिँ निरन्तर हुनुपर्ने व्यवहार हो भनी हामीलाई बताउँछ । यो केवल कल्याण गर्ने समय वा आनन्दको समयमा मात्रै हुने होइन । उहाँको नाउँ स्वीकार गर्नु भनेको उहाँको अधिकारलाई चिन्नु हो, यसको यसको अर्थ यो पनि हो, चाहे जस्तो परिस्थितीमा भए पनि हामीले प्रभुलाई प्रशंसा गर्न सक्छौँ र उहाँ नै हाम्रो जीवनको नियन्त्रक हुनुहुन्छ भनी चिन्न सक्छौँ । जब अयूबले सबै कुरा गुमाए ता पनि उसले प्रभुको नाउँलाई आशिषित तुल्याएका थिए (अयूब १:२१), यो प्रभुको प्रशंसा थियो र यसले प्रभुलाई उहाँको अधिकार, महिमा, शक्ति र उत्कृष्टताको रुपमा चिनाएको छ ।

आत्मामा भरिएका कारण हामीले सधै प्रभुको प्रशंसा गर्ने क्षमता पाउनेछौँ, उहाँको नाउँमा विश्वास गर्नेछौँ, उहाँको शासकतालाई र हाम्रो जीवनमा भएको अधिकारलाई चिन्नेछौँ ।

हामीले हाम्रो जीवनमा पवित्र आत्माको कामलाई पूरा गर्न दिनलाई धेरै महत्वपूर्ण छ । वरदान र फलहरु एक आपसमा सँगै अघि बढ्नुपर्दछ, वरदानका उपहारद्धारा एउटै असल कामहरु गर्नपर्छ, फलहरुले आफ्नै कल्याणको लागि गर्नुपर्दछ, धेरैवटा वरदानहरु भएको खीष्टयानले धेरै जनालाई आशिषित बनाउनेछ, तर यदि पवित्र आत्माको फल तपाइको व्यक्तिगत जीवनमा छैन भने, तपाई पूरा हुनुहुनेछैन ।

हामीले पवित्रशास्त्रमा हेर्दा शाउललाई यसरी वर्णन गरिएको छ : १ शमूयल ९:२, ''जवान अवस्थामा पुगेका आकर्षक शाउल नाउँ भएका तिनका एक जना छोरा थिए । त्यस बेला इस्राएलमा उनको बराबरीको कोहि थिएन । उनी सबैभन्दा एक टाउको जति अग्ला थिए ।''

अब भने हामी दाउदलाई कसरी वर्णन गरिएको छ भनी हेरौँ :

१ शमूयल १६:१७-१८, यसकारण शाऊलले आफ्ना सेवलहरुलाई भने, ''राम्रोसँग बीणा बजाउने कुनै एक जना मानिसलाई खोज, र त्यसलाई मकहाँ ल्याओ ।'' उनका सेवकहरुमध्ये एक जनाले भन्यो, ''बेथलेहेमका यिशैका छोराहरुमध्ये एक जनाले वीणा बजाएको मैले देखेको छु । तिनी वीर मानिस छन्, र असल योद्धा, बोल्नमा ज्ञानी, र सुन्दर पनि छन् । अनि परमप्रभु तिनीसँग हुनुहुन्छ ।''

यदि हामीले शाऊलको भिन्नतालाई हेर्दा, उनले बाहिरी कुरा मात्रै उल्लेख गरेको थिए, तर अरुले वरदानहरुको छायाँलाई देखेका थिए, अरुले हामीमा के देखेका छन् त? तर दाउदको कुरा गर्दा केवल बाहिरी कुराको मात्रै नभई उनको चरित्र, उसले पाएको फल र आन्तरिक व्यवहारको वर्णन गरिएको थियो । पवित्र आत्माको नियन्त्रणमा र भरिपूरितामा हामीले हाम्रो सबै बल लगाई अधिनमा जीवन जिउने इच्छा गर्न जरुरी छ ताकि हामीले फल फलाउन सकेका हौँ र यहि फल प्रभु येशू खीष्टको दुलहीको ऱ्याप्चरको (उठाइ लगिने) समयमा टिपिनेछ ।

# पवित्र आत्माको वरदानहरु (THE GIFTS OF THE HOLY SPIRIT)

*१ कोरिन्थी १२:१*

*भाइ हो, अब आत्मिक वरदानको विषयमा तिमीहरु अज्ञान रहो भन्ने मेरो इच्छा छैन ।*

**परिचय :** पुनरुत्थान भएपछि प्रभु येशू ख्रीष्टले पवित्र आत्माद्धारा आफ्ना चेलाहरुलाई आज्ञा दिन थाल्नुभयो, उनीहरुलाई पिताको प्रतिज्ञा नआउञ्जेलसम्म यरुशलेम नछोड्न आदेश दिनुभयो, र जुन पृथ्वीको पल्लो छेउसम्म गवाहि बन्नलाई परमेश्वरले शक्ति उनीहरुमा ल्याउँदै हुनुहुन्थयो (प्रेरित १:१-८)। यहि प्रतिज्ञा पवित्र आतमाको बप्तिष्मा पाएपछि मात्र पूरा हुनेथियो । यो प्रतिज्ञामा आत्माको वरदानको लाभ प्राप्त गर्नु थियो (१ कोरिन्थी १२:४)। पवित्र आत्मा हामीसँग वास गर्नहुन्छ र विभिन्न वरदानहरुद्धारा हाम्रो जीवन निर्माण गर्नहुन्छ (प्रेरित २:१-४), र मण्डलीको विकास र आत्मिक उन्नतिको लागि वरदानहरु दिइयो, यसको उद्देश्य भनेको परिपक्व छोराहरु बनाउनु र बन्नु हो : (एफिसी ४:१२-१३: १ कोरिन्थी १२:४: हिब्रू ५:१४: १ कोरिन्थी १४:२०: १ पत्रुस ४:१०)।

"वरदान" भनिने शब्द ग्रिक शब्द क्यारिजमा CHARISMA भनिने शब्दबाट आएको हो, जसको अर्थ उपहार हो, तर यसले कुनै फाइदा बिना पाइने अनुग्रहको संकेत गर्दछ, (स्ट्रोङ ५४८६), अर्थात परमेश्वरीय अनुग्रहको वरदान/उपहार हो । यो कुरालाई सिमोन म्यागसले (प्रेरित ८:९-२४) वेवास्ता गरेका थिए, जसले पवित्र आत्माको शक्ति देखेका थिए, र परमेश्वरको वरदानका लागि पैसाको प्रस्ताव गर्न हिम्मत गरेका थिए ।

पवित्र आत्माका वरदानहरु विशेष र अलौकिक क्षमता भएको हुन्छ र पवित्र आत्माको बप्तिष्मामा पवित्र आत्माले हामीलाई दिनुहुन्छ । "क्यारिजमा" भनिने शब्द ग्रिक शब्द "क्यारिस" शब्दसँग सम्बन्धित छ जसको अर्थ अनुग्रह हो ( स्ट्रोङ ५४८५)। यो अनुग्रहले हामीलाई हाम्रो जीवनका उपहारहरुलाई/वरदानहरुलाई सक्रिय गराउँछ र ख्रीष्टयान विश्वासलाई बलियो बनाउँछ । यी वरदानहरु परमेश्वरले पवित्र आत्माद्धारा दिनुभयो र यो विशेष अथवा व्यक्तिगत प्रयोजनको लागि नभई, समान भलाइको लागि र अरुको भलाइको लागि (१ कोरिन्थी १२:७) पवित्र आत्माको काम र परमेश्वरको निश्चित समयमा पठाइने अभिषेक स्पष्ट देखिनु हो ।

पवित्र आत्माको वरदानहरु सम्पूर्ण मण्डलीले चाहने गरी खोजेको हुनुपर्दछ, किनकी मण्डलीसँगै थुमाको दुलहिलाई सजाइनेछ । प्रेरित पावलले कोरिन्थीहरुलाई पहिलो पत्रमा १२, १३ र १४ मा पवित्र आत्माको वरदानहरुको बारे लेखेका छन् र हामीलाई उनीहरुको बारे अनभिज्ञ नहुन आग्रह गर्दै छन् । हामी यी आत्मिक वरदानहरुको पहिलो भागलाई हेर्नेछौं ।

१ कोरिन्थी १२:७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ ।

१ कोरिन्थी १२:८ कसैलाई पवित्र आत्माद्धारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्मा अनुसार ज्ञानका कुरा बोल्ने ।

१ कोरिन्थी १२:९ कसैलाई उनै पवित्र आत्माद्धारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्धारा रोग निको पार्ने वरदानहरु दिइएका छन् ।

१ कोरिन्थी १२:१० कसैलाई आश्चर्य कामहरु गर्ने । कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरु छुट्याउन सक्ने । कसैलाई भिन्न भिन्न किसिमका भाषाहरु बेल्ने, कसैलाई चाहिँ ती भाषाहरुको अर्थ खोलिदिने ।

हामीले यस भागमा पवित्रशास्त्रमा वर्णन गरिएका नौँ आत्मिक वरदानहरु देख्न सक्छौं, जुन तपाईको बुझाई र दायरा वा शक्ति अनुसार देखाइएको कुरालाई यसरी व्यवस्थित गरिएको छ :

प्रेरणा

१. आगमवाणी

२. विभिन्न प्रकारका भाषाहरु

३. अन्य भाषाहरुको व्याख्या

प्रकाश

१. बुद्धिको वचन

२. ज्ञानको वचन

३. आत्माहरुको विवेक

शक्ति

१. विश्वास

२. चंगाई

३. आश्चर्यकर्महरु

१.) **अगमवाणीको वरदान (१ कोरिन्थी १२:१०):** अगमवाणीले परमेश्वरको वचनलाई मण्डली सामु समावेश गर्छ । यो कुनै स्वभाविक रुपमा हुनै नसक्ने कुराको घोषणा होइन, न त भूत, वर्तमान या न भविष्य बारे नै हो, र विभिन्न अन्य भाषा बोलेपछि आउने कुरा पनि होइन । अगमवाणी पवित्र आत्माद्धारा प्रेरित छ (२ पत्रुस १:२१)। यो कुनै मानविय विचार, भावना वा कुनै व्यक्तिको लागि हुने इच्छालाई व्यक्त गर्न गरिएको सन्देशको उत्पादन होइन । यसकारण अगमवाणीहरु परमेश्वरबाट आएको हो या होइन भनी चिनेर बचाउनलाई जरुरी छ (१ कोरिन्थी १४:२९), यो वरदान भनेको सुधार, प्रोत्साहन र सान्त्वनाको अभिव्यक्ति गर्नलाई हो (१ कोरिन्थी १४:३)।

२.) **विभिन्न प्रकारका भाषाहरु (१ कोरिन्थी १२:१०):** यो वरदानले हाम्रो आत्मालाई बलियो बनाउन र निर्माण गर्न हामीलाई पवित्र शास्त्रले बताउँछ (१ कोरिन्थी १४:२, १४:४)। यो कुनै मानिसहरुको लागि बोल्नलाई बोलिदैन तर उहाँको आत्माको रहस्यमय कुराहरु बताउनलाई उहाँ बोल्नुहुन्छ, यी भाषाहरु विभिन्न प्रकारका हुन सक्छन् : चाहे ती मानविय भाषा हुन सक्छ, या त पेन्तिकोशको दिनमा (प्रेरित २:४-६) अलौकिक रुपमा बोलिएको भाषा अथवा स्वर्गदूतका भाषाहरु बोल्न कहिल्यै पनि सिकिएको छैन (१ कोरिन्थी १३:१), तर बाइबलले भन्दछ, यदि कसैसँग यो वरदान छ भने, सोहि भाषाको अर्थ खोल्नलाई प्रभुसँग प्रार्थना गरोस् र व्यक्तिगत तवरले नभई मण्डलीका उन्नतिका निम्ति गरोस् (१ कोरिन्थी १४:१३-१४)।

३.) **भाषाहरुको अर्थ खोल्ने/व्याख्या गर्ने (१ कोरिन्थी १२:१०):** अन्य भाषाहरुको अर्थ खोल्नु भनेको विभिन्न प्रकारका अन्य भाषाहरुको अभनेदन गर्नु हो, किनकी यसले प्रभुले पठाउनुभएको भाषाहरुको सन्देशको अर्थ खोल्दछ । यस कारणले यदि कसैसँग अन्य भाषाको वरदान छ र यसको अर्थ खोल्न आउँदैन भने, उसले अगमवाणीको वरदान भएका भाई/दाईलाई बाटो दिनुपर्दछ (१ कोरिन्थी १४:१७-१८) भनी प्रेरितिय पावलले अंकित गरेका छन् । यो अनुवाद नभई व्याख्या (अर्थ खोल्ने) हो भनी हामीले बुझ्नुपर्छ ।

४.) **बुद्धिको वचन (१ कोरिन्थी १२:८):** निश्चित समयमा पवित्र आत्माले बुद्धि दिनुहुन्छ, हामीले यस संसारको ज्ञानको बारे कुरा गरिरहेका छैनौं, तर हामीले परमेश्वरको बुद्धिको बारे कुरा गर्दैछौं, बुद्धि भनेको ज्ञानको प्रयोग हो : यहि वरदानले आत्मिक तवरमा मात्रै मद्दत गर्दैन तर संसारिक क्षेत्रमा पनि मद्दत गर्दछ, जसले हाम्रो जीवनमा विचार र परियोजनाहरु अलौकिक तरिकामा ल्याउँदछ ।

**५.)** **ज्ञानको वचन (१ कोरिन्थी १२:८):** यो एउटा यस्तो वरदान हो जहाँ पवित्र आत्माले प्राकृतिक आँखाबाट लुकेका परिस्थितिहरुको ज्ञानलाई ल्याउनुहुन्छ, जुन ज्ञान बाढ्न सकिन्छ, यसरी वचनलाई पूरा गर्दै हामीलाई यसो भन्दछ कि, प्रभुको अघि कुनै कुरालाई लुकाइएको छैन र कसैलाई लज्जित पार्नलाई पनि होइन, तर सफा र पुर्नस्थापना गर्नलाई हो । हामी पवित्र शास्त्रमा हननिया र सफिरालाई देख्न सक्छौं (प्रेरित ५:१-११), जुन सत्यतालाई प्रेरित पत्रुसबाट लुकाए, तर ज्ञानको वरदानको कारणले पत्रुसलाई प्रभुले के भइरहेको थियो भनेर देखाउनुभयो ।

**६.)** **आत्माहरु छुट्याउने विवेक (१ कोरिन्थी १२:१०):** यो भनेको विभिन्न परिस्थितीहरुमा आत्मिकी संसारमा परमेश्वरबाट आएको पवित्र आत्मा र शत्रू (अन्धकारका शक्ति) लाई छुट्याउन सक्ने क्षमता हो । यो सामान्य ज्ञान होइन, तर विभिन्न आत्मिकी वातावरणहरुलाई छुट्याउनु हो : यो वरदान हाम्रो विरोधीहरुसँग लड्न एउटा उपकरणको रुपमा महत्वपूर्ण छ । यस उपहारलाई प्रकाशको वरदानको रुपमा वर्गिकृत गरिएको छ, ताकि कोहि धोकामा नपरुन् र कुनै आत्माबाट प्रभावित नहोउन् भनी यो वरदान महत्वपूर्ण भएको छ । जब प्रेरित पावल फिलिप्पीमा आइपुगे, तब एउटा जोखना हेर्ने आत्मा भएकी स्त्रीले यसो भन्दै पछ्याए : ‘‘यी मानिसहरु सर्वोच्च परमेश्वरका सेवकहरु हुन् । यिनीहरुले तिमीहरुलाई मुक्तिका बाटोको घोषणा गर्छन् ।’’ तब पावलले झिजो मानेर फनक्क फर्कि त्यस दुष्टात्मालाई भने, ‘‘येशू’’ खीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु ।’’ अनि त्यो दुष्टात्मा त्यहि घडि निस्किहाल्यो (प्रेरित १६:१६-१८)।

**७.)** **विश्वासको वरदान ( १ कोरिन्थी १२:९):** हामी सबैसँग विश्वासको एउटा नाप छ : हामीले बचाउने विश्वासको बारे कुरा गर्दै छैनौं । सामान्यतय, जब हामी यो वरदानको बारे कुरा गर्छौं हामी अलौकिक विश्वासलाई उल्लेख गरिरहेका हुन्छौं । यो दृढ विश्वास र भरोसा सामान्य विश्वास भन्दा पनि धेरै महान् छ, विश्वासको वरदान कुनै निश्चित समयमा विश्वासीहरुमा आउँदछ र यसले हुनेवाला क्षणको विश्वासलाई ल्याउँछ । यो भनेको विश्वास गर्नलाई गरिने अलौकिक योग्यको विधि हो । उदाहरणका लागि : रगत बग्ने महिलाले प्रभुको लुगा छोई निको हुन्छु भन्ने विश्वास गरेकी थिइन् (मत्ति ९:२०-२२)। कप्तानले येशूको शक्तिमा विश्वास गरेका थिए (लूका ७:२-९)।

**८.)** **चङ्गाईको वरदान (१ कोरिन्थी १२:९):** यो चङ्गाई भनिने शब्द ग्रिक जि २३८६ र जि २३९० को इएमा IMIA भनिने शब्दबाट आएको हो : यसको अर्थ उपचार, स्वास्थ्य हो । यो आउने समयको फाइदा हो, जुन पवित्र आत्माको अभिषेकद्धारा शारिरिक र आत्मिक स्वास्थ्यप्रदान गर्नलाई यो समयमा ल्याइएको छ । त्यसैले प्रेरित यूहन्नाले ३ यूहन्ना १:२ मा यसरी भनेका छन् : प्रिय मित्र, म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस् । तिम्रो आत्मिक जीवन ठीक छ भन्ने म जान्दछु । यहि वरदानको बारे वचनमा हामीले उदाहरणहरु बुझ्न सक्छौं : मत्ति १५:३० प्रेरित ३:६-७, प्रेरित २८:८ ।

**९.)** **आश्चर्यकामहरुको वरदान (१ कोरिन्थी १२:१०):** आश्चर्यकाम भनिने शब्द ग्रिक शब्द डुनामिस् DUNAMIS जि १४१० बाट आएको हो, जसको अर्थ बल : विशेष गरी चमत्कारी शक्ति, प्रभावकारिता, बल, साहसी, आश्चर्यजनक, चमत्कारी, क्षमता, दिनु, शक्तिशाली शक्ति हो । ड्राईका अनुसार आश्चर्यकाम भनेको : प्राकृतिक नियमहरुद्धारा व्याख्या गर्न नसकिने तथ्य र यो परमेश्वरीय उत्पति वा घटनाको अलौकिक हस्तक्षेपको विशेषता हो, जुन दुर्लभ, असाधारण र अद्भूत छन् । ड्राई अनुसार अर्को अर्थ भनेको एउटा यस्तो स्थिती हो, जुन घटनाहरुको प्राकृतिक कार्यप्रणालीमा हस्तक्षेप भई सबै भौतिक नियम र प्रकृतिको विरुद्ध जानु हो । यस वरदानका केहि उदाहरणहरु : पानी दाखमद्यमा परिणत हुँदा (यूहन्ना २:७-९), येशू समुद्र माथि हिँड्नु हुँदा ( मत्ति १४:२५-२७), लाजरसको पुनरुत्थान हुँदा (यूहन्ना ११:४३-४४) देखिएका थिए ।

अर्को सान्त्वनादाता आउनुको लागि प्रभुले छोड्नु आवश्यक छ भनी घोषणा गर्नुभयो (यूहन्ना १६:७), उहाँले पवित्र आतमा पठाउनुहुनेछ र हामीमा वास गर्नुहुनेछ, र यहि कुरामा हामीहरु प्रभुको जनका उपकरण हौँ र प्रभु येशू ख्रीष्टको मण्डली निर्माण गर्नलाई छौँ ।

# पवित्र आत्माको वरदानहरु #२ (THE GIFTS OF THE HOLY SPIRIT #2)

*१ कोरिन्थी १२:१*

*भाइ हो, अब आत्मिक वरदानको विषयमा तिमीहरु अजान रहो भन्ने मेरो इच्छा छैन ।*

**परिचय :** पावलले कोरिन्थीहरुलाई लेखेका पहिलो पत्रमा हामीले बेवास्ता गर्न नसकिने आत्मिकी क्षेत्रको बारे टिप्पणी गर्न सक्छौं, यसको महत्वपूर्ण अंश नै पवित्र आत्माको वरदानहरु/उपहारहरु हो । हामीले यो जानि राखौं कि प्रभु सिद्ध मण्डलीको लागि आउनुहुन्छ र यसको पूर्णताको लागि आवश्यक पर्ने कुरा परमेश्वर आफैंले उपलब्ध गराउनुभएको छ । हामीले गलातियाको मण्डलीलाई ध्यानमा राख्नुपर्ने मामला हो, जो आत्माद्धारा सिद्ध हुन सुरु भएको थियो र कुनै विन्दुमा विशुद्ध संसारिक र मानववादी कुरापछि विचलित भयो (गलाती ३:१-३): त्यहि कुराबाट हामीले अनुमान लाउन सक्छौं कि, उनीहरुले आत्मिकी जीवन त्यागे, तिनीहरुले पाँच सेवकाइहरु मार्फत परमेश्वर पवित्र आत्माको प्रवाह सँगै जाने एउटै आत्माका वरदानहरुका सिद्धतालाई त्यागे ।

धर्मिको मार्ग नै विकासको प्रक्रिया हो (हित्तोपदेश ४:१८)। प्रभुले उहाँको प्रकाश मानिसहरुलाई बचाउन उद्देश्यले पठाउनुहुन्छ, ताकि पवित्र आत्माद्धारा मण्डलीको उन्नति हुन सकेको होस्, यी आत्मिय उपकरणहरु नै हाम्रो सुधार, पुर्नस्थापना र सिद्धताको लागि हो । परम्परागत रुपमा, आत्माको वरदानहरु नौं किसिमका छन्, तर पवित्र शास्त्रलाई विश्लेषण गर्दा, हामीले देख्न सक्छौं कि त्यहाँ नौं मात्र नभई हामीले कम्तीमा पनि १८ वटा फेला पार्न सक्छौं । यो पनि सिकाइएको थियो कि, त्यहाँ अन्य प्रकारका वरदानहरु पनि थिए जुन आवश्यक रुपमा आत्मिकी थिएन, बरु प्रशासनिक र मण्डलीको परिचालन र सहयोग गर्नलाई थिए तर पवित्र आत्माबाट सशक्तिकरणको रुपमा आउन भने आवश्यक थिएन ।

आत्मिकी संसारको महत्व बारे जान्नको लागि बाईवलले देखाउँदछ : केहि संस्करणहरु विश्लेषण गर्दा पवित्र शास्त्रमा कोरिन्थीहरुलाई लेखिएको पत्रको पहिलो पुस्तकमा आत्मिक वरदानहरुको बारे, हामीले हाम्रो समझलाई फराकिलो बनाउन केहि महत्वपूर्ण अवस्थाहरुलाई ध्यान दिनुपर्छ । उदाहरणका लागि, निम्न संस्करणहरु जुन हामीले तल देख्न सक्छौं :

१ कोरिन्थी १२:१ एन.ए.एस्.बी : दाजुभाइ र दिदीबहिनीहरु, म चाहन्न कि तिमीहरु आत्मिकी वरदानहरुबारे अनभिज्ञ होस् ।

१ कोरिन्थी १२:१ (जुनेमान संस्करण): र आत्मिकीपनको बारे, भाइहरु, म तिमीहरुलाई बेवास्ता गर्न चाहन्न ।

१ कोरिन्थी १२:१ (टेक्स्टुअल): तर अब भाइहरु, म चाहन्न कि तिमीहरु आत्मिकी कुराहरुमा अनभिज्ञ होऊ ।

१ कोरिन्थी १२:१ (के.जे.भी): अब (जि ११६१) आत्मिकीपन (जि ४१५२) बारे (जि ४०१२) वरदानहरु, भाइहरु, जि ८० म जि ८० जि २३०९ हुनेछैन जि ३७५६ तिमीलाई जि ५२०९ अज्ञानी जि ५० । अब आत्मिक वरदानहरुको बारेमा भाइहरु, म तिमीहरुलाई अनभिज्ञ राख्ने छैन ।

यदि हामीले अनुवादहरुका साथै मूल ग्रिकमा भिन्नताहरुलाई याद गऱ्यौं भने, हामीले वरदानहरु/उपहारहरु भनिने शब्द पद १ मा छैन । यो ४ पदमा नआउञ्जेलसम्म "वरदानहरु" शब्द आउदैन, यहि सम्पूर्ण अध्यायलाई आत्मिक राज्यको बारे बताउँछ । ४ पदमा हामीले वरदान/उपहार शब्दलाई पाउँदछौं जुन ग्रिक शब्दको "क्यारिजमा" CHARISMA (G5486) JARISMA of G5483; भनिने शब्दमा आधारित छ : जसको अर्थ वरदान (दिव्य), मुक्ति, छुट, चमत्कारी निकाय, उपहार हो ।

यसकारण, वरदानहरु भनेको पूर्णतया आत्मिक छन् र मण्डलीको सुधारको निम्ति हुन् । परम्परागत रुपमा यस समूहलाई सहयोगको वरदान पनि भनिन्छ, ती कुरा पवित्र आत्माबाट प्राप्त गर्न आवश्यक थिएन भन्दछ जसले उनीहरुको वर्गलाई

घटाउँछ। तर वचन अनुसार, क्यारिजमा (वरदान) आत्मिकी छ, त्यसैले रोमी १२ र १ कोरिन्थी ७:७-९ मा हुने वरदानहरु पनि समान स्तरमा छन्, यी वरदानहरु पनि १ कोरिन्थी १२ को जस्तै आत्मिक छन्। त्यहि भएर हामीले यी कुराहरुलाई बेवास्ता गर्नु हुँदैन किनकी, यी कुरा बिना मण्डली निर्माण गर्न सकिदैन।

यो सिद्धान्तको बारे नयाँ प्रकाश भने होइन, तर हामीले एउटै सैद्धान्तिक प्रकाश बारे भने बुझेका छौं। त्यसपछि, आत्मिक वरदानहरु नौं वटा मात्रै छैनन्, तर १८ वटा छन्। परमेश्वरले यस तरिकामा हामीलाई युद्ध गर्ने उपकरण प्रदान गर्नुभएको छ र हामी भित्रको खीष्ट विरोधि चरित्रलाई मेटाउँदछ, २ तिमोथी ३:१-५ मा भने हामीले मानिसमा हुने १८ वटा विशेषताहरुलाई पाउन सक्छौं।

आउनुहोस् हामी १८ आत्मिक वरदानहरुलाई तल हेर्नेछौं।

### १ कोरिन्थी १२:८-१०

१.) बुद्धिको वचन

२.) ज्ञानको वचन

३.) आत्माहरुको विवेक

४.) अगमवाणी

५.) अन्य भाषाहरुको अर्थ खोल्ने

६.) विभिन्न प्रकारका भाषाहरु बोल्ने

७.) चङ्गाइको वरदानहरु

८.) विश्वास

९.) आश्चर्यकामहरु

१०.) सेवा

११.) शिक्षा दिने

१२.) प्रोत्साहन

१३.) दिनु

१४.) मार्गदर्शन

१५.) दया

१६.) मद्दत/सहयोग

१७.) व्यवस्थापन

१८.) निरन्तरता

रोमी १२:६-८

१ कोरिन्थी १२:२८

१ कोरिन्थी ७:७-९

हामी यस अध्यायमा बाँकी ९ वरदानहरुको शिक्षा बारे परिचय गराउन प्रयास गर्नेछौं ।

**१.) सेवाको वरदान (रोमी १२:७ आरभि १९६०):** यहि पदमा डायकोनिया DIAKONIA (जि १२४८) ग्रिक शब्द प्रयोग गरिएको छ, यसको अर्थ : सेवा, सहायता, सेवा गर्नु, मद्दत, सेवकाई र वितरण गर्नु हो । डायकोनिया भनेको सेवा गर्ने वरदान हो । यस बारे विभिन्न तालिकाहरुमा विभाजन गर्न सकिन्छ (प्रेरित ६:१-३), अथवा वेदिको सेवाहरु पनि भन्न सकिन्छ (२ कोरिन्थी ३:८-९, ५:१८, प्रेरित ६:१४), सेवा गर्नको लागि यी वरदानहरु प्राप्त गर्न आवश्यक छ : जसले हामीलाई हृदय अनुसार सेवा गर्न सक्षम बनाउँछ, किनकी विभिन्न व्यक्तिहरुसँग विशेषाधिकार हुन सक्छ तर सेवा गर्ने भावना नहुन सक्छ र त्यस्ता व्यक्तिहरु पनि छन् जससँग वरदान छ तर विशेषाधिकार छैन । जब हामीले यो उपहारलाई प्राप्त गर्छौं, हामी यसको सट्टामा केहि आश नगरी कुनै सिमा नराखी निरन्तर तयार भई सेवा गर्नुपर्दछ ।

**२.) शिक्षा दिने वरदान (रोमी १२:७ आरभि १९६०):** सेवामा सेवा गरे झैं : अथवा अध्यापनमा सिकाए झैं ( डिडासकोस DIDASKOS) भनिने शब्दले शिक्षा दिने जनाउँछ र थाएर शब्दकोश अनुसार डिडास्कोस भनेको:

क.) अरुलाई सल्लाह दिन र मन्तव्य दिन सिकाउनु, उपदेशात्मक वाणी दिनु हो । शिक्षक बन्नलाई शिक्षकले गर्नु पर्ने काम शिक्षकको अफिसबाट गर्नु हो ।

ख.) कसैलाई सिकाउनु : निर्देशन दिनु हो । जुन सिकाइएको र आज्ञा गरिएको हुन्छ । कुनै कुराको व्याख्या वा खुलासा गर्नु हो ।

यो वरदान मण्डलीहरुमा हुन आवश्यक छ ताकि अबुझ र अज्ञानताको कैदबाट परमेश्वरको मानिसहरु बाहिर आउन सकेको होस्: र यो प्रेरितिय सिद्धान्तलाई स्थानान्तरण गर्नेहरुमा देखिन्छ । यहि वरदान प्रचारकको वचनमा देखिन्छ, तर यदि कसैसँग वरदान छ तर वचनको शिक्षा (प्राथमिक सेवकाईको रुपमां) हुनैपर्छ भन्ने आवश्यक ठान्दैन भने त्यस्ता व्यक्तिहरु वरदानमा मात्रै चल्नेछन् तर जिम्मेवारीमा भने हुँदैनन् । यो वरदान धेरै महत्वपूर्ण छ कि जब यसलाई सन्दर्भ बाहिर निकाल्दा पवित्र शास्त्रमा यसलाई ५ पटक मात्र देख्न सकिन्छ, अधिकार नभएको व्यक्तिहरुले यदि सिकाउँछ भने, प्रभुको मण्डलीको लागि विनाशकारी परिणामहरु निम्त्याउँछ । (प्रेरित १५:१, रोमी २:२१, तितस १:११, प्रकाश २:१४, प्रकाश २:२०)।

**३.) उपदेश/अर्ति दिने वरदान (रोमी १२:८ आरभि १९६०):** जसले अर्ति दिन्छ र लिन्छ : पाराकेलिओ PARAKALEO । अर्ति दिनु भनेको गालि गर्नु होइन तर कुनै पनि व्यक्तिलाई वचनहरु, कारणहरु र गर्नुपर्ने/नगर्नुपर्ने कुराहरु रोक्नलाई गरिने अनुरोधहरु हो (ड्राई): स्ट्रोङको शब्दकोशको जि ३८७०, जि ३८४४ र जि २५६४ मा पाराकेलिओ भनेको नजिक बोलाउनु, आमन्त्रित गर्नु, आह्वान गर्नु (पुन बिन्ति, आग्रह वा सान्त्वनाद्धारा): प्रार्थना गर्नु, प्रस्तुत गर्नु, बिन्ति गर्नु, प्रोत्साहन दिनु, सल्लाह दिनु, सान्त्वना दिनु र भाग गर्नु हो । पाराकेलिओलाई विभिन्न तरिकामा अनुवाद गरिएको छ, जहाँ हामीले यहि वरदानलाई प्रकट गरिएको देख्न सक्छौं । उदाहरणका लागि : सान्त्वना (मत्ति २:१८, २ कोरिन्थी १:४): बिन्ति वा माग्नु (रोमी १२:१): अर्ति दिनु (लूका ३:१८): परामर्श दिनु (प्रेरित २०:२७, २७:३४): आमन्त्रित गर्नु (प्रेरित २८:१४): सान्त्वना दिनु (२ कोरिन्थी १३:११)।

वर्णवासको जीवनमा अगमवाणीको पुत्रले सान्त्वना दिएका थिए (लकवार्ड शब्दकोश), यहि वरदान देखिएको थियो, ( प्रेरित ९:२७), हामीलाई चर्चमा निराश भएकाहरुलाई सम्झाउने र सान्त्वना दिने मानिसहरु चाहिन्छ जसले टाढा भएकाहरुलाई निम्तो दिन्छन् ।

**४.) उदारचित्त हुने वरदान (रोमी १२:८ आरभि १९६०):** यो एउटा यस्तो वरदान हो, जसले आश्चर्यजनक छुट वा शक्ति जुन परमेश्वरले खीष्ट्यानहरुलाई दिनुहुन्छ र अरु भाइ/व्यक्ति भन्दा उद्धारचित्तका साथ अरुलाई दिन

वा बाँड्न सक्ने क्षमता हो । स्ट्रोङको शब्दकोश अनुसार यो शब्द ग्रिकबाट (जि ३३३०) आएको हो, यसलाई ( मेटाडिडोमी– METADIDOMI) भनी जि ३३२६ र जि १३२५ बाट साभार गरिएको हो : यसको अर्थ : वितरण, साझेदारी, बातचित, दिनु, वितरण गर्नु हो । यस वरदानले हामीलाई खुशी मनका साथ दिने बनाउँछ । यो शब्द पवित्रशास्त्रमा ५ पटक मात्र देखिन्छ, यसले हामीलाई वरदानको कामहरुको बारे सिकाउँदछ (लूका ३:११, रोमी १:११, रोमी १२:८, एफिसी ४:२८, १ थेसलोनिकी २:८)। यो अधिकारले हामीलाई निम्न कुराहरु गर्नलाई सक्षम बनाउँछ :

क.) तपाईसँग जे छ, त्यहाँबाट दिनुहोस्, बाँकी रहेकाबाट होइन (लूका ३:११, २१:४, २ कोरिन्थी ८:९)

ख.) दिने इच्छा र चाहना राख्नुपर्छ (रोमी १:११)

ग.) अरुसँगै एकै चित्तमा दिनुपर्छ (एफिसी ४:२८, भजनसंग्रह ४१:१)

घ.) आफ्नो प्राणसमेत दिन तत्पर हुनुपर्दछ (१ थेसलोनिकी २:८, फिलिप्पी २:६-८)

ङ.) आवश्यकतामा दिनुपर्छ (२ कोरिन्थी ८:२, १ राजा १७:१२-१३)

पुराना दिनहरुमा दिनु भनेको आज्ञा थियो (व्यवस्था १५:१२-१५), तर जब यो वरदान आउँछ : दिनु भनेको सहज र प्रेमबाट प्रेरित भई आवश्यकता बन्दछ, यसले बदलामा केहि आशा नगरी दिन्छ ।

**५.) नेतृत्वको वरदान (रोमी १२:८):** जसले लगनशिलताका साथ नेतृत्व गर्छ, सो व्यक्तिले दया र आनन्दसँग गर्छ (प्रोइस्टेमि PROISTEMI)। यो पवित्र आत्माद्धारा निर्देशित वा दिइएको क्षमता हो, अर्को शब्दमा भन्नुपर्दा अध्यक्ष बन्ने क्षमता हो, जो सभा, निगम, बोर्ड, अदालत, ऐन, कम्पनी, इत्यादिमा पहिलो स्थान वा सबैभन्दा महत्वपूर्ण स्थान वा अधिकारमा बस्न सक्ने क्षमता हो । यो वरदान त्यस्तो खालको व्यक्तिमा आवश्यक छ जो चाहिँ जिम्मेवारी पदमा छ, उदाहरणका लागि डिकनहरु, एल्डरहरु (१ थेसलोनिकी ५:१२-१३: १ तिमोथी ३:२-५, ३:१२)।

**६.) दया/कृपाको वरदान -एलिओ ELEEO- (रोमी १२:८):** यो यस्तो वरदान हो जसले दया आनन्दसँगले देखाउँछ । उहाँले हामीलाई खाँचोमा परेकाहरुप्रति निरन्तर प्रेम देखाउने क्षमताको बारे बताउनुहुन्छ, एक चोटि मात्र देखाउने भने होइन । हामीले यसरी परिभाषित पनि गर्न सक्छौं : यो भनेको पिडित, बिरामी, आवश्यकतामा परेकाहरुलाई मद्दत गर्ने कार्यहरुमा निरन्तर प्रेम प्रकट गर्नु हो, हामीले पवित्रशास्त्रमा देखेका केहि उदाहरणहरु यस प्रकारका छन्: दुई ऋणिहरुको दृष्टान्त (मत्ति १८:२३-३५), असल सामरी (लूका १०:२५-३७), उडन्त पुत्र ( लूका १५:११-२५)।

**७.) सहयता गर्ने वरदान -एनटिलेप्सीस ANTILEPSIS- (१ कोरिन्थी १२:२८ एल.बि.एल.ए):** र मण्डलीमा परमेश्वरले पहिलेः प्रेरितहरु, दोस्रोः अगमवक्ताहरु, तेस्रोः शिक्षकहरु र त्यसपछिः आश्चर्यकामः पछि, चङ्गाईको वरदान (क्यारिजम) सहयोग, प्रशासन, विभिन्न भाषाहरुको वरदान नियुक्त गर्नुभयो । प्रभु येशू ख्रीष्टको मण्डलीलाई सहयोग गर्ने दासहरुलाई भन्न खोजिएको छ, चाहे उनीहरु सेवकाईमा सहयोग गर्ने होस्, प्रेरितीय सहायता होस्, अधिकारको प्रतिनिधिको सहयोग होस्: हामीले कुनै शर्त बिना गरिने सहयताको बारे कुरा गर्दछौं, उदाहरणको लागि हामी पवित्रशास्त्रमा देख्न सक्छौंः स्तीफनसको घर जसले सन्तहरुलाई मद्दत गर्‍यो (१ कोरिन्थी १६:१५), त्यसैगरी अकिला र प्रिस्किलालाई देख्न सक्छौं जसलाई प्रेरित पावलले मेरा सहयोगीहरु भनी सम्बोधन गरेका थिए (रोमी १६:३), चेलाहरुमध्येबाट चुनिएका दाजुभाइहरुलाई टेबलमा उपस्थिती हुनको लागि चुनिएको थियो (प्रेरित ६:२-३)।

८.) **प्रशासन चलाउने वरदान (१ कोरिन्थी १२:२८)**: र मण्डलीमा परमेश्वरले पहिले: प्रेरितहरु, दोस्रो: अगमवक्ताहरु, तेस्रो: शिक्षकहरु र त्यसपछि: आश्चर्यकाम: पछि, चङ्गाईको वरदान (क्यारिजम) सहयोग, प्रशासन, विभिन्न भाषाहरुको वरदान नियुक्त गर्नुभयो ।

ग्रिक भाषामा मण्डली चलाउनका लागि धेरै शब्दहरु प्रबन्ध गर्ने कुरा परिभाषित छ, ती मध्ये एक कुबरनेसिस KUBERNESIS हो (स्ट्रोङ जि २९४१)। यस शब्दले जहाजमा अथवा डुङ्गा चलाउने चालकतिर अंकित गर्दछ किनकी, जहाजलाई कस्तो दिशातिर लाने भन्ने तरिका चालकलाई मात्र थाहा हुन्छ । यसकारणले यो उपहार नेतृत्व, व्यवस्थापन र निर्णय गर्नलाई मण्डलीमा महत्वपूर्ण छ ।

९.) **निरन्तरतामा रहिरहने संयमीको वरदान (१ कोरिन्थी ७:७-९):** ग्रिक शब्दमा "संयमी" शब्दलाई इन्काटियोमाई ENKRATEUOMAI भनिन्छ: जसको अर्थ: आत्मा नियन्त्रण (खाने आहारा र शुद्धतामा): निरनतरता । यहि शब्द जि १७२२ को जि १४६८ र जि २९०४ मा भएको इन्क्रेट्स ENKRATES शब्दसँग सम्बन्धित छ: एउटै कुरामा बलियो (निपुर्णतापूर्वक), (औपचारिक र रिफ्लेक्टिभ रुपमा) राम्रोसँग नियन्त्रित भएको (भोक लाग्ने कुरामा, आदिमा): (आफ्नो गुरु, आत्मा संयमता)। यसको अर्थहरु हेर्दा यो वरदान केवल विवाह नगर्न मात्रै नभई आफैलाई नियन्त्रित गर्ने क्षमताको बारे पनि बताउँछ र अचम्म लाग्दो कुरा के छ भने १ कोरिन्थी ९:२५ मा यहि शब्दलाई राखिएको छ र यसको चित्रको अर्थ : खेलाडिहरुको पुरस्कार प्राप्त गर्न निरन्तर रुपमा कठोर आत्म संयमीको अभ्यास हो ।

दानिएलले पनि राजकिय भोजन र दाखमद्य नखाई आफैलाई अशुद्ध नपार्ने निर्णय गरी देखाएका छन् (दानियल १:८ लाई हेर्नुहोस्), आत्मिक रुपमा बेविलोनको दाखमद्य भनेको व्यभिचार हो भनी देख्न सक्छौं, (प्रकाश १८:२-३ लाई हेर्नुहोस्)। यसबाट, दानिएललाई बेविलोनमा व्यभिचार र यसको विचलनमा नपरी परमेश्वरको सेवा गर्न हामीले अनुमान लाउन सक्छौं ।

पवित्र आत्माले उहाँको दयाबाट वरदानहरु दिनुहुन्छ, कुनै व्यक्तिको बल वा योग्यता भएर होइन, र यी कुराहरुले हामीलाई पुर्नस्थापित, सुसन्जित र सिद्ध पार्नलाई दिनुभयो र हामी परिपक्वताको उचाईमा पुग्न प्रभुले चाहनुहुन्छ ।

परमेश्वरले आफ्ना मानिसहरुका सबै आवश्यकताहरुलाई वरदानहरुको विविधता मार्फत् आफ्नो पवित्र आत्माको साथ आपूर्ति गर्नुहुन्छ, त्यसैले परमेश्वरको मण्डलीको सेवामा हुने कुनै पनि क्षेत्रको काममा उहाँले हामीलाई प्रयोग गर्नुहुँदा धेरै कृतज्ञ महसुस गर्नुपर्दछ जसले उहाँको चर्चमा आशिष ल्याउँदछ । यसबाहेक, यदि हामीसँग आत्मिकी वरदान छैन भने वा पाएको छैन भने, हामीले निर्धक्क भई सोध्न सक्छौं (मत्ति ७:११): यद्यपि, उहाँले हामीलाई प्रदान गर्नुभएको यो उपहार खीष्टको शरीरको विकासको लागि प्रयोग गर्नुपर्छ र यो व्यक्तिगत प्रकृतिको भने हुनुहुदैन ।